# पाठ्यक्रम अनुरूपताको आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा प्रयुक्त कथा विधाको अध्ययन


**शोधार्थी**

रेखादेवी घिमिरे

क्याम्पस रोल नं. : १६/२०७३

परीक्षा क्रमाङ्क : २१४००८५/२०७४

त्रि.वि. दर्ता नं. : ९-२-०६२७-००६०-२०१२

शैक्षिक वर्ष : २०७३/०७४


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा अर्न्तगत
स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. (५९८) पाठ्यांशको
प्रयोजनार्थ प्रस्तुत शोधपत्र


सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषाशिक्षण विभाग

सुन्दरहरैँचा, मोरङ


२०७५

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत 'पाठ्यक्रम अनुरूपताको आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा प्रयुक्त कथा विधाको अध्ययन' शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनका लागि कहीँ कतै पेस नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

..................................

रेखादेवी घिमिरे

एम.एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षण विभाग

मिति : २०७५/०६/०२

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत 'पाठ्यक्रम अनुरूपताको आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा प्रयुक्त कथा विधाको अध्ययन'शीर्षकको शोधपत्र रेखादेवी घिमिरेले मेरो निर्देशनको मातहतमा रही मिहिनेतका साथ सिर्जनात्मक तथा नितान्त मौलिक रूपमा तयार पार्नुभएकाले यस शोधकार्यप्रति म सन्तुष्ट छु । अतः यस शोधकार्यलाई मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षण विभागसमक्ष सिफारिस गर्दछु ।

..................................

मेघनारायण श्रेष्ठ

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा शिक्षण विभाग

सुन्दरहरैँचा, मोरङ

मिति : २०७५/०६/०२

## कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस सुन्दरहरैंचा मोरङ शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) नेपाली विषय नेपा. शि. ५९८ को प्रयोजनको लागि पाठ्यक्रम अनुरुपताको आधारमा कक्षा आठको नेपाली पाठ्यपुस्तक २०७२ मा प्रयुक्त कथा विधाको अध्ययन शीर्षकमा शोत्रपत्र तयार पारिएको छ ।

यस शोधकार्यलाई विश्वसनीय र बैध बनाउन कक्षा आठको नेपाली पाठ्यपुस्तक २०७२ र आधारभूत नेपाली पाठ्यक्रम २०६९ लाई आधार मानिएको छ । यो शोधपत्र तयार गर्न धेरै जना महानुभावहरु अमुल्य सहयोग प्राप्त भएको छ । सर्वप्रथम यस शोधकार्यको शीर्षक छनोट देखि लिएर शोधकार्यलाई सम्पन्न गर्नाका लागि आवश्यक निर्देशन, सुझाव र सहयोग प्रदान गर्नुहुने श्रद्धेय शोध निर्देशक तथा विभागीय प्रमुख मेघनारायण श्रेष्ठज्यू प्रति हृदय देखि नै आभार प्रकट गर्न चाहान्छु । त्यसैगरी प्रशासनिक रुपमा सहयोग गर्नुहुने क्याम्पस प्रमुख प्रेमप्रसाद भट्टराई ज्यु साथै यस विभागका सम्पूर्ण आदरणीय गुरुहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मलाई यो अध्ययनका लागि आवश्यक पर्ने सन्दर्भ सामग्रीहरु उपलब्ध गराई सहयोग गर्नुहुने सुकुना बहुमुखी क्याम्पस पुस्तकालय परिवारलाई हार्दिक कृतज्ञा ज्ञापन गर्न चाहान्छु । त्यसैगरी यस शोधकार्यलाई कम्प्युटर टङ्कन सहयोग पुऱ्याउनु हुने टिना कम्प्युटरका यज्ञमणि निरौलालाई पनि कृतज्ञाता गर्न चाहान्छु । साथै यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने मेरा बुबा टङ्कप्रसाद घिमिरे र आमा टङ्ककुमारी आचार्य (घिमिरे) र सहपाठी एवम् प्यारी दिदी कोमल लगायत सम्पूर्ण मित्रहरु र आफन्तहरुलाई उहाँहरुको अमूल्य सहयोग र सुझाव प्रति यथोचित कुतज्ञता व्यक्त गर्न चाहान्छु । यस शोधकार्यले सम्बन्धित क्षेत्रका विद्यार्थी शिक्षक र शिक्षा अनुरागीलाई अपेक्षित लाभ पुऱ्याउन सकोस भन्ने अभिलाषा समेत प्रकट गर्दछु ।

रेखादेवी घिमिरे

# विषयसूची


| क्र.सं. शीर्षक | पृष्ठ सं. |
|---|---|
| परिच्छेद एक : परिचय | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याकथन | १ |
| १.३ अध्ययनको उद्देश्यहरू | २ |
| १.४ अध्ययनको महत्त्व | २ |
| १.५ अध्ययनको परिसीमा | ३ |
| परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा | |
| २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन | ४ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | ५ |
| २.३ पुनरावलोकनको उपदेयता | ८ |
| २.४ अवधारणात्मक ढाँचा | ८ |
| परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया | |
| ३.१ अध्ययनको ढाँचा र विधि | १० |
| ३.२ अध्ययनको क्षेत्र | १० |
| ३.३ तथ्याङ्क सङ्कलनका साधन तथा तरिका | १० |
| ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया | १० |
| ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण | ११ |
| सन्दर्भ सामग्री | |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा भनेको विचार विनिमयको प्रमुख माध्यम हो । जसका माध्यमबाट हामी एक अर्कामा विचारहरु सम्प्रेषण गर्छौं । विचार सम्प्रेषण गर्नका लागि बोध र अभिव्यक्ति प्रक्रिया सम्पन्न गर्दछ । बोध अन्तर्गत सुनाइ र पढाइ अनि अभिव्यक्ति अन्तर्गत बोलाई र लेखाइ पर्दछन् । भाषिक सिप भाषाशिक्षणलाई थप रोचक र प्रभावकारी बनाउनका लागि आवश्यक छ । कथा साहित्यको एक लोकप्रिय विधा हो । यसले बालक देखि वृद्धसम्मलाई आकर्षित गरेको हुन्छ । भाषा शिक्षणमा कथा विधाका माध्यमबाट भाषिक परिष्कारका साथै स्वास्थ्य मनोरञ्जन, बोध, विश्लेषणात्मक प्रतिभाको विकासका साथै अनुशासन, नैतिक उपदेश, चरित्र निर्माण र सृजनाशक्ति बढाउन उपयोगी हुन्छ ।

यस शोधपत्रको शीर्षक 'पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ८को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन' रहने छ । शिक्षाको उद्देश्य निर्धारण पश्चात उद्देश्यलाई व्यवहारिक रूपमा परिवर्तन गर्नका लागि बनाइएको सुव्यवस्थित योजना नै पाठ्यक्रम हो । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरिएको हुन्छ । पाठ्यपुस्तकमा समावेश विधाहरू विद्यार्थीको रुचि, स्तर, तह र आवश्यकता अनुकुल हुनु पर्दछ । यस अनुरूप पाठ्यपुस्तकमा विधाहरू समावेश गर्नु उपयुक्त हुन्छ । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक निर्माण गरिएन भने पाठ्यपुस्तक उपलब्धि मूलक हुन सक्दैन । तसर्थ पाठ्यपुस्तक सफल हुन पाठ्यक्रम उपयुक्त हुनु पर्दछ ।

यस अध्ययनले कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको कथा विधा पाठ्यक्रम अनुरूप भए नभएको अध्ययन गर्न, कथा विधाले भाषिक सीपमा दक्षता हाँसिल गर्न सहयोग पुऱ्याएको छ छैन पत्ता लगाउन कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा विधा पाठ्यक्रम अनुरूप भए नभएको पत्ता लगाउन यस तहका कथा विधा र कक्षा ८को पाठ्यक्रम तथा पाठ्यपुस्तकको अध्ययन गरी शोधकार्यलाई निष्कर्षमा पुऱ्याइने छ ।

## १.२ समस्याकथन

यस शोधमा पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ८को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययनलाई मूल रूपमा उठाइने छ। यस शोधकार्य निम्न समस्यामा केन्द्रित रहने छ :

१. कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप छन्?

२. कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको रुचि, स्तर तह, आवश्यक्ता अनुसारका कथाहरू समावेश भएका छन् ?

३. कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा समावेश गरिएका कथाहरूले भाषिक सीप विकासमा सहयोग पुऱ्याउँछन् ?

४. ती कथाहरूमा के कस्ता कमी कमजोरीहरू छन् ती कमी कमजोरीहरू निवारण गर्न के कस्ता उपायहरु सुझाउन सकिन्छ?

## १.३ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोध निम्नलिखित उद्देश्यमा केन्द्रित रहने छ :

१. कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको पहिचान गर्नु,

२. कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा प्रयुक्त कथा विधा विद्यार्थीहरूको रुचि, स्तर, तह, र आवश्यकता अनुरूपताको पहिचान गर्नु,

३. कथा विधाका पाठहरूको भाषिक सीप पक्षको विश्लेषण गर्नु,

४. छनोट र स्तरणका आधारमा कथाको विश्लेषण गर्नु,

५. ती कथाहरूमा के कस्ता कमी कमजोरीहरू छन् ? ती कमी कमजोरीहरू सुझाउनु।

## १.४ अध्ययनको महत्त्व

अध्ययनले अनुसन्धान कार्यलाई मार्गनिर्देश गर्न र निश्चित गन्तव्यमा पुग्न सहयोग पुग्दछ । त्यसैले अनुसन्धान कार्यमा अध्ययनको विशेष महत्त्व रहेको पाइन्छ । अध्ययनले अनुसन्धान कार्यलाई विश्वसनीय प्रामाणिक र बैध बनाउन सहयोग पुऱ्याउँछ । यस अध्ययनबाट कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरुप भए नभएको पत्ता लगाउन सकिने छ । कक्षा ८ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरू उक्त कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको रुचि, स्तर, तह र आवश्यकता अनुकुल रहे नरहेको पहिचान गर्न सकिने छ । कक्षा ८ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रमको क्षेत्र र क्रमका आधारमा भए नभएको अध्ययन गर्नु रहने छ । त्यसैले यो अध्ययन महत्वपूर्ण रहने देखिन्छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्यको सीमाङ्कन निम्नानुसार गरिने छ :

१. प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार पारेको कक्षा ८ को नेपाली विषयको पाठ्यक्रममा आधारित रहने छ ।

२. प्रस्तुत अध्ययन कक्षा ८ को नेपाली विषयको पाठ्यपुस्तक २०७२ मा दिइएका कथाहरूमा मात्र सीमित रहने छ ।

३. प्रस्तुत अध्ययन कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा समावेश गरिएका कथाहरूमा मात्र सीमित रही उक्त कथाहरू पाठ्यक्रम अनुरूप भाषिक सीप क्षेत्र र क्रम विद्यार्थीहरूको रुचि, क्षमता र स्तर अनुरूप रहे नरहेको पत्ता लगाउने कुरामा सीमित रहने छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

कथा ज्यादै लोकप्रिय र अतिप्रचलित विधा हो । कथाको प्राचीनता र रोचकताले गर्दा यसलाई विद्यालय वा विश्वविद्यालयको पाठ्यक्रममा पर्याप्त स्थान दिइएको छ । कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम बनाउन, विद्यार्थीहरूमा कल्पना र सिर्जना शक्ति बढाइ साहित्यप्रति रुचि जगाउन मद्दत पुग्ने देखिन्छ (शर्मा र पौडेल, २०७३) ।

संस्कृतको 'कथ्' धातुमा आ प्रत्तय लागेर कथा शब्द तयार हुन्छ जसको व्युत्पतिगत अर्थ केही भन्नु वा कहनु भन्ने हुन्छ । भामहका अनुसार "सत्यघटनामा आधारित आख्यान नै कथा हो ।"गोर्कीका अनुसार 'कथा भनेको मानव जीवन र अनुभूतिको शसक्त र उज्यालो पक्षको आस्थापूर्ण उद्घाटन हो ।

ल्याटिन भाषाको Currere शब्दबाट अङ्ग्रेजीमाCurriculum शब्द विकसित भयो यसैको नेपाली रूपान्तरण पाठ्यक्रम हो । यसलाई गन्तव्यसम्म पुग्ने धावन मार्गको रूपमा लिइन्छ । यसले शैक्षिक कार्यकलापलाई नियन्त्रित र निर्देशित गर्दछ । शिक्षण तथा सिकाइलाई व्यवस्थित सहज, स्वभाविक, क्रमबद्ध बनाउन गरिएको शैक्षिक योजना नै पाठ्यक्रम हो (पोखरेल र काफ्ले, २०७३) ।

शाब्दिक अर्थमा पाठ्यक्रमलाई निर्धारित उद्देश्य सम्म पुग्ने धावन मार्ग भनिन्छ । विद्यार्थीहरूमा आवश्यकता अनुरूप व्यवहारिक परिवर्तन ल्याउनका लागि सिकाइ अनुभव एकत्रित गर्ने शिक्षणबाट विद्यार्थीमा आएका परिवर्तनको अङ्कन लेखाजोखा तथा मूल्याङ्कन गर्न तयार पारिने योजना नै पाठ्यक्रम हो । विद्यार्थीहरूको चौतर्फी विकास गर्न गरिने सम्पूर्ण क्रियाकलापहरू पाठ्यक्रममा समावेश गरिएको हुन्छ । पाठ्यक्रममा विद्यार्थीहरूले निश्चित तह पुरा गरेपछि हासिल गर्नुपर्ने उद्देश्यहरू त्यसका निम्ति आवश्यक शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कनका तत्त्वहरू समावेश गरिएको हुन्छ (शर्मा र पौडेल, २०६८) ।

रा.शि.प.यो. २०२८ ले पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो भनेर परिभाषित गरेको छ । हिल्डा तावाले पाठ्यक्रम सिकाइको एक योजना हो भनेर पाठ्यक्रमलाई परिभाषित गरेका छन् ।

विषयजन्य ज्ञानको स्वतन्त्र प्रकटीकरण भएको एक वा अनेक विचारको ग्रन्थ नै पुस्तक हो भने पाठ्यक्रमले गरेको अपेक्षा परिपूर्ति गर्ने ध्येय राखेर एकल वा विविध विषय र क्षेत्रका पाठ्यवस्तु सङ्कलन सम्पादन वा लेखन गरिएको खास गत कक्षा र विषयका निम्ति लिखित वा सम्पादित पुस्तकलाई पाठ्यपुस्तक भन्न सकिन्छ (ढकाल, २०७३) ।

गुडका अनुसार "पाठ्यक्रमले निर्देशित गरे अनुसार खास तह कक्षा र विषयका उद्देश्य परिपूर्ति गर्न प्रस्तुत गरिएको व्यवस्थित र महत्त्वपूर्ण स्रोत नै पाठ्यपुस्तक हो" ( पोखरेल, २०७३) ।

नेपाली बृहत शब्दकोश (२०५२) का अनुसार विद्यालय एवं महा "विद्यालयहरूमा विद्यार्थीहरूलाई औपचारिक तवरले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो ।"

पाठ्यक्रम भनेको विद्यार्थीहरूलाई शिक्षण सिकाइ कार्यकलाप गराउनका लागि बनाइएको योजना हो । जसले राखेका अपेक्षाहरू परिपूर्ति गर्नका लागि पाठ्यपुस्तक निर्माण गरिन्छ । जसमा विभिन्न क्षेत्र र क्रम अनुसार विधाको क्षेत्र र क्रम निर्धारण गरिएको हुन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनैपनि कार्य थालनी गर्नु अघि त्यस विषय अन्तर्गत भए गरेका साहित्यको पुनरावलोकनबाट आफूले गर्न खोजेका कार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्दछ । कथा विधा सम्बन्धी विभिन्न शोधकर्ताहरूले विभिन्न पाठ्यपुस्तक र पाठ्यक्रममा आधारित भएर शोधपत्र लेखनकार्य गरेका छन् । यसभन्दा अगाडिका विभिन्न कार्यहरूको पुनरावलोकनलाई तल प्रस्तुत गरिएको छ :

आचार्य (२०६३) द्वारा लिखित **'कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन'** नामक शोधपत्रमा कथा विधासँग सम्बद्ध रहेर कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रमको उद्देश्यसँग तालमेल भए नभएको, पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा समीक्षा, पाठ्यक्रमका उद्देश्यका दृष्टिले

कथाका पाठहरूमा राखिएको छ । यस शोधपत्रका लागि पुस्तकालयीय, विश्लेषणात्मक, तुलनात्मक विधिहरूको प्रयोग गरिएको छ । यस शोधपत्रको उद्देश्य माथि व्याख्या विश्लेषण गर्ने क्रममा पाठ्यक्रमको उद्देश्य अनुरूप विधा र पाठहरू चयन भए नभएको, पाठ्यक्रमले लोककथा नीतिकथा पौराणिक कथा र आधुनिक कथा समावेश गर्न निर्देशन भए पनि ऐतिहासिक आधुनिक कथा राखिएको छैन । पाठ्यक्रममा उद्देश्यका दृष्टिले कथाका पाठहरूमा दिइएका कथा पाठ्यक्रम अनुरूप नै भएको निष्कर्ष निकालिएको छ ।

खत्री (२०६२) द्वारा **'कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन'**शीर्षकको शोधपत्रमा कक्षा ८ मा समाविष्ट कथाहरू पाठ्यक्रम, अनुरूप भए नभएको, पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विभिन्न आधारमा विश्लेषण, कथाको पाठमा दिइएका नमूना अभ्यासको पहिचान उद्देश्यको रूपमा राखिएको छ । यस शोधपत्रका लागि अन्तर्वार्ता पुस्तकालयीय, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस शोधपत्रको उद्देश्यमा केन्द्रित भएर व्याख्या विश्लेषण गर्दा कक्षा ८ को नेपाली पुस्तकमा पाठ्यक्रम अनुरूपको कथाहरूको पाठ चयन नगरिएको कथामा आवश्यक उखान टुक्काको प्रयोग नगरिएको, शिक्षणका दृष्टिले उपयुक्त भएको र नमूना अभ्यासमा रहेका व्याख्या खण्ड कथाका पाठ अनुरूप नरहेको निष्कर्ष निकालिएको छ ।

चापागाई (२०६२) द्वारा**'कक्षा चारको नेपाली किताबमा समाविष्ट कथाका आधारमा पाठहरूको विश्लेषणात्मक अध्ययन'** शीर्षक शोधपत्रमा कक्षा चारको मेरो नेपाली किताबमा राखिएका कथाहरू विधा शिक्षणका दृष्टिले पाठ्यक्रमको उद्देश्य अनुरूप भए नभएको, कथाहरू विद्यार्थीको उमेर वा स्तर अनुसार रहे नरहेको पत्ता लगाउनु यसको उद्देश्य रहेको छ । यस शोधपत्र लेखनका लागि अन्तर्वार्ता प्रश्नावली, पुस्तकालय, विश्लेषणात्मक विधिको प्रयोग गरी कथाहरूको उद्देश्य पाठ्यक्रम अनुसार भएको, कथाहरू विद्यार्थीको स्तर, तह, उमेर भन्दा केहि जटिल रहेको निष्कर्ष निकालिएको छ ।

निरौला (२०६८) द्वारा तयार पारिएको **'कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन'** नामक शोधपत्रमा कथा विधामा केन्द्रित भएर गरिएको छ । जसमा कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलना गर्नु, भाषा शिक्षणका दृष्टिले निर्धारित कथाको प्रयोजन पत्ता लगाउन, छनोट र स्तरणका आधारमा तुलना गर्नु, कथाको संरचना र भाषिक पक्षको विश्लेषण गर्नु जस्ता उद्देश्य

राखिएको छ । यी उद्देश्य पुरा गर्नका लागि पुस्तकालयीय तुलनात्मक, प्रश्नावली विधिको प्रयोग गरिएको छ । यी उद्देश्यहरूको व्याख्या र विश्लेषण गरी कक्षा ६ र ७ को हाम्रो नेपाली किताबमा राखिएका कथाहरू पाठ्यक्रम अनुरूप पूर्णरूपमा चयन नगरिएको भाषा शिक्षणका दृष्टिले उपयुक्त भएको निष्कर्ष निकालिएको छ ।

अर्याल (२०५५) द्वारा **'कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन'** शीर्षकको शोधपत्रमा कथा विधासँग सम्बद्ध रहेर समाविष्ट कथाहरूको पाठ्यक्रमसँगको सापेक्षता, भाषिक उपलब्धि, विद्यार्थीको उमेर रुचि एवम् क्षमता अनुसार कथाको छनोट गरिएको छ छैन ? भन्ने उद्देश्य राखिने छ । यस उद्देश्यलाई पूर्णता प्रदान गर्नका लागि अन्तर्वार्ता प्रश्नावली, पुस्तकालयीय, विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरिने छ । यस उद्देश्यमा केन्द्रित भएर व्याख्या विश्लेषण गर्ने क्रममा विद्यार्थीको उमेर क्षमता रुचिमा कम ध्यान दिएको पाठ्यक्रमसँग पूर्ण रूपमा सापेक्षित नरहेको निष्कर्ष निकालिएको छ ।

राई (२०७०) द्वारा **'पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन** शीर्षकको शोधपत्रमा पाठ्यपुस्तकमा समाविष्ट कथाहरूले भाषाका चार सीपलाई समान रूपमा महत्त्व नदिएर लेखाइ सीपलाई बढी महत्त्व दिइएको पाइन्छ । सबै कथाहरूको अध्ययन विश्लेषण गर्दा छनोटका आधारमा पाठ्यक्रम अनुरूप भएपनि स्तरणका आधारमा पाठ्यक्रमले निर्देश गरे अनुसार नमिलेको कथा विधाको चयन गर्दा विद्यार्थीहरूको क्षमता, मनोविज्ञानको अध्ययन गरी चयन गरिए उपयुक्त हुने निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधपत्रको शोधशीर्षकलाई केलाएर हेर्दा यसभन्दा अगाडि भएका फरकफरक अध्ययनले पाठ्यपुस्तकमा समाविष्ट कथा विधाका कमीकमजोरी साथै उपयोगितालाई औल्याएको पाइन्छ । भाषाका चारै सीपको विकास गर्नका साथै विषयवस्तुको सही ढङ्गबाट शिक्षण गर्नका लागि कथा विधा उपयोगी हुने देखिन्छ । कथा विधा सम्बन्धी गरिएका विभिन्न अध्ययनहरूले फरकफरक दृष्टिकोण तथा आधारबाट कथाको विश्लेषण गरेको पाइन्छ । विविध सन्दर्भमा यस कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको अध्ययन भएता पनि नयाँ परिमार्जित (२०६९) पाठ्यक्रम अनुरूपताको आधारमा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाको अध्ययन शीर्षकमा अध्ययन पाठ्यपुस्तकमा

समाविष्ट कथा विधाहरू पाठ्यक्रम अनुरूप छन् वा छैनन् भन्ने सन्दर्भमा सीपगत र तहगत आधारमा विश्लेषण गरिएको छ । यो अध्ययन विद्यार्थी तथा शिक्षकहरूका लागि शिक्षण सिकाइ कार्यकलापमा थप सहयोगी समाग्रीको रूपमा उपयोगी हुन सक्नेछ ।

## २.३ पुनरावलोकनको उपदेयता


पूर्व साहित्यहरूको पुनरावलोकनले यस शोधकार्यको लागि आवश्यक तथ्य र ऐतिहासिक पृष्ठभूमि खोज्ने कार्यको लागि ठूलो सहयोग पुऱ्याएको छ । यस कार्यले यो भन्दा अघि कुन कुन विषयमा के कति आधारमा अध्ययन गरिएको छ भन्ने कुरा अवगत गराइ यस अध्ययनको क्षेत्र र आधार तय गर्न सहयोग पुऱ्याएको छ । यसका साथै पूर्वसाहित्यको पुनरावलोकनले सैद्धान्तिक र व्यवहारिक पक्षहरूको खोजी गर्न महत्त्वपूर्ण सहयोग मिल्ने देखिन्छ । यस अध्ययन कथा विधासँग सम्बन्धित रहेकाले यस शोधपत्र निर्माण गर्न पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ८को पाठ्यपुस्तकमा समाविष्ट कथाहरू उक्त कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूको रुची, स्तर, तह अनुसार रहे नरहेको र कक्षा आठको पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रमको क्षेत्र र क्रमका आधारमा रहे नरहेको जस्ता कुराको अध्ययन गर्ने तरिका समेत प्राप्त गर्न सहयोग पुऱ्याएको छ ।

कथाको विश्लेषणसँग सम्बन्धित अध्ययनकार्य प्रशस्त भएको पाइन्छ । तर पाठ्यक्रम अनुरूपताका दृष्टिले कथा विधाको अध्ययन भने त्यति भएको पाइँदैन । भएता पनि तिनलाई पर्याप्त मान्न सकिंदैन । त्यसैले २०६९ सालमा पाठ्यक्रम परिवर्तन भइ २०७२ सालको शैक्षिक सत्रदेखि पठनपाठन भइरहेको नेपाली पाठ्यपुस्तकमा समावेश कथाहरूको पाठ्यक्रम अनुरूपता, विद्यार्थीको रुचि स्तर अनुरूपको कथा विधा, पाठ्यक्रमको क्षेत्र र क्रम अनुसारको कथा विधासँग सम्बन्धित अध्ययन तत्कालीन समयमा भएको छैन । त्यसैले प्रस्तुत शोध शीर्षकमा आधारित रहेर अध्ययन गर्नु उपयुक्त हुने अपेक्षा राखिएको छ । यस अध्ययनबाट प्राप्त निष्कर्ष र सुझावलाई मध्यनजर गर्दै आगामि दिनमा कमीकमजोरी सुधार गर्न मद्दत पुऱ्याउनेछ ।

## २.४ अवधारणात्मक ढाँचा

कथा सिकाइको मुख्य उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सीपको विकास गर्नु हो । कथनात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कार्यलाई बुझिन्छ । प्रस्तुत

कथा सिकाइका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता चारै सीपको अभ्यास गराउनुपर्ने देखिन्छ । प्रस्तुत शोधकार्य निम्नानुसारको सैद्धान्तिक र अवधारणात्मक ढाँचा अनुरूप अघि बढाइने छ :




माथि प्रस्तुत गरिएको चित्रात्मक ढाँचाबाट प्रस्तुत पाठ्यक्रम अनुरूपताका आधारमा नेपाली पाठ्यपुस्तकमा रहेका कथा विधाको अध्ययन शीर्षकमा गरिने अध्ययनको छोटो रूपरेखा देख्न सकिन्छ । विद्यार्थीहरूको रुचि, स्तर, तह अनुसारका कथाहरू रहे नरहेको अध्ययन गरिने छ । पाठ्यक्रमका क्षेत्र र क्रम अनुसार कथाको विश्लेषण गरिने छ र अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गरिने छ ।

# परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

प्रस्तुत शोध पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ८को नेपाली पाठ्यपुस्तक ( २०७२) मा समाविष्ट कथा विधाका पक्षहरूको टिपोट उठाइ वर्णनात्मक पद्धतिमा आधारित भएर तथ्यहरूलाई व्यक्त गरिने छ। शोधकर्ताले अध्ययनका क्रममा देखिएका अवस्था, प्रक्रिया, समस्याको व्याख्या, विश्लेषण गर्नलाई वर्णनात्मक, पुस्तकालयीय, ढाँचामा आधारित रहेर शोधलाई सम्पन्न गरिने छ।

## ३.२ अध्ययनको क्षेत्र

यसको अध्ययन क्षेत्र कक्षा ८को नेपाली पाठ्यपुस्तक (२०७२) मा रहेका कथा विधाहरूको पाठ्यक्रम अनुरूपताका आधारमा व्याख्या विश्लेषण गर्नु रहेको छ। यस अध्ययनमा कक्षा आठको नेपाली किताबमा समावेश गरिएका कथाहरू विद्यार्थीको रुचि, स्तर, तह, क्षमता, आवश्यकता र पृष्ठभूमि अनुकुल रहे नरहेको पहिचान गर्नु, पाठ्यक्रमको क्षेत्र र क्रमका आधारमा भए नभएको अध्ययन गर्नु रहने छ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन तथा तरिका

यस अध्ययनको तथ्याङ्क सङ्कलनका लागि मूलतः पुस्तकालयीय विधि तथा वर्णनात्मक, विश्लेषणात्मक विधि अवलम्बन गरिने छ। यसभन्दा अगाडि गरिएका पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकमा कथा विधाको मूल्याङ्कन सम्बन्धी शोधग्रन्थ, वृहत नेपाली शब्दकोश, कक्षा ८को २०६९ को पाठ्यक्रम, २०७२ को भाषा पाठ्यपुस्तक र गुरुहरूको सल्लाह सुझावलाई सहायक सामग्रीको रूपमा लिइने छ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधकार्यमा सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ। शोध शीर्षकका लागि कक्षा ८को नेपाली पाठ्यपुस्तक र भाषा पाठ्यक्रम छनोट गरिने छ।

यस शोधकार्यलाई पूर्णता दिनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा पुस्तकालयीय विधिलाई अपनाइएको छ । शोधकर्ताले आफ्नो शीर्षक सम्बन्धि विभिन्न पुस्तकहरू तथा शोध प्रतिवेदनलाई पुस्तकालयमा अध्ययन गरी शोध शीर्षकलाई निष्कर्षमा पुऱ्याइएको छ । यस शोधकार्यका लागि कक्षा आठको नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकमा रहेका कथाहरूको अध्ययन विश्लेषण गरी सामग्री सङ्कलन गरिने छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

कुनै पनि विषयमाथि अध्ययन अनुसन्धान कार्य गर्नका लागि तथ्याङ्क सामग्रीहरूको सङ्कलन गर्नु पर्दछ । सामग्रीहरूको व्याख्या विश्लेषण गर्दा विभिन्न विधिहरूअपनाउन सकिन्छ । पाठ्यक्रम अनुरूपताका दृष्टिले ‘कक्षा आठको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन’ शीर्षक शोधकार्यको तथ्याङ्कको व्याख्या विश्लेषणका लागि वर्णनात्मक विधि व्याख्यात्मक विधि र पुस्तकालयीय विधिको प्रयोग गरिने छ ।

# परिच्छेद चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

कुनै पनि विषय वा शीर्षकमाथि अनुसन्धनकर्ता वा शोधकर्ताले कसरी अध्ययन गरी निष्कर्ष निकालिएको छ भन्ने कुरालाई अध्ययन विश्लेषण भनिन्छ । यस शोधकार्यको लागि निम्नानुसारको अध्ययन विश्लेषण गरिएकोछ :

## ४.१ पाठ्यक्रम अनुरुपताको आधारमा कथाहरुको अध्ययन

कक्षा ८ को नेपाली किताव २०७२ मा जम्मा ६ टा कथाहरु समावेश गरिएका छन् । पाठ्य कथाहरुको सिर्जना पाठ्यक्रमका दृष्टिले गरेको पाइन्छ । आधारभूत तहमा लोककथा, नीतिकथा, पौराणिक कथा, ऐतिहासिक कथा समावेश गरिएको पाइन्छ । जस अन्तर्गत कक्षा ८ को नेपाली किताव २०७२ मा लोक कथा, नीति कथा पौराणिक ऐतिहासिक र सामाजिक कथाहरु समावेश गरिएको छ ।

आधारभूत तह कक्षा ८ को पाठ्यक्रमले निर्देश गरेका विधाका क्षेत्रहरुलाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

तालिका नं. : १


विधाको क्षेत्र र क्रम तालिका

| क्र.सं. | विधा | क्षेत्र | पाठशीर्षक |
|---|---|---|---|
| १ | कथा | सामाजिक कथा १ | भाग्य |
| | | पौराणिक कथा १ | मित्रता |
| | | सामाजिक कथा १ | एउटा घटना |
| | | सामाजिक कथा १ | ठग समातियो |
| | | ऐतिहासिक कथा १ | स्वाभिमान |
| | | नीतिकथा १ | सिंह र स्यालको कथा |
| | | छन्दोबद्ध कविता १ | नेपाल |
| २ | कविता | गीति कविता १ | सिप र श्रम |
| | | लोक कविता १ | मेरो घर |

| | | | |
|---|---|---|---|
| | | गद्य कविता १ | आह्वान |
| ३ | प्रबन्ध | कलात्मक/कला सम्बन्धी १ | ग्रन्थचित्र |
| | | प्राकृतिक/वातावरणीय १ | प्रकृति र वातावरण |
| | | वैज्ञानिक/प्राविधिक १ | कम्प्युटर र इन्टरनेट |
| | | सामाजिक/संस्कृतिक १ | नेपाली संस्कृति |
| ४ | रूपक | वादविवाद १ | विज्ञान अभिशाप नभई वरदान |
| | | एकाङ्की १ | हामी एउटै हौँ |
| ५ | जीवनी | प्रेरक व्यक्तित्त्व १ | देवकुमारी थापा |
| | | विचारक १ | भूगोलविद् हर्क गुरुङ |
| | | साहित्यकार १ | रवीन्द्रनाथ ठाकुर |
| | | आविष्कारक १ | सर आइज्याक न्युटन |
| ६ | चिठी | कार्यालयीय १ | निवेदन |
| | | घरायसी १ | दाजुलाई चिठी |

स्रोत : आ.शि. नेपाली पाठ्यक्रम, २०६९

माथि उल्लेख गरिएको तालिका अनुसार कक्षा ८ को नेपाली पाठ्यपुस्तकका पाठहरुमा सबैभन्दा बढी कथा विधाका पाठहरु समावेश गरिएका छन् । कथा विधा साहित्यको सुरुचि पूर्ण विधा भएका कारणले पनि पाठ्यपुस्तकमा कथा विधाका पाठहरु बढी भन्दा बढी प्रयोग भएको् पाइन्छ । आधारभूत तह कक्षा ८ मा समाविष्ट भएका विधाहरु र त्यसमा पनि कथा विधाले पाउने प्राथमिकताका बारेमा निम्न वृत्त चित्रका माध्यमबाट अझ प्रष्ट पार्न सकिन्छ ।




आधारभूत तह कक्षा ८ को नेपाली पाठ्यपुस्तक (२०७२) मा जम्मा २२ वटा पाठहरु रहेका छन् । त्यसमा पनि छ वटा पाठहरु कथा विधामाआधारित रहेको पाइन्छ । प्रतिशतका हिसावले गणना गर्ने हो भने कूल पाठको २८ % कथा विधाका पाठहरु रहेको छन् । कथा विधा अधिकांश मानिसहरको रुचिको विषय भएकाले पाठ्यपुस्तकमा कथा विधाका पाठहरु समावेश गरिएको पाइन्छ । कथा विधाका माध्यमबाट विभिन्न विषय वस्तुको प्रस्तुतीका साथसाथै प्रभावकारी रुपमा भाषिक सीप विकास गर्ने पनि आधारभूत तहको पाठ्यक्रमको मूल ध्येय रहेको पाइन्छ ।

तर आधारभूत तह कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ निम्न क्षेत्रका कथाहरु समावेस गरिएको पाइन्छ ।

| क्र.सं. | पाठको क्रमसंख्या | कथा | विधाको क्षेत्र |
|---|---|---|---|
| १ | २ | भाग्य | आधुनिक (वाल मनोवैज्ञानिक) |
| २ | ६ | मित्रता | पौराणिक |
| ३ | १० | एउटा घटना | आधुनिक (बाल मनोवैज्ञानिक) |
| ४ | १५ | ठग समातियो | सामाजिक |
| ५ | १९ | सिंह र स्यालको कथा | नीति कथा |
| ६ | २२ | स्वाभिमान | ऐतिहासिक |

कक्षा ८ मा समावेश गरिएका कथाहरुलाई निम्न प्रयोजनका आधारमा विश्लेषण गरिएको छ :

### ४.१.१ पौराणिक कथा

परम्परा देखि लोकमा चल्दै आएको तर लिखित स्रोत नभेटिएको कथालाई लोक कथा भनिन्छ । समाज प्रचलनमा आधारित परम्परागत रुपमा चल्दै आएकारोचक तथा ज्ञानवर्धक कथालाई यस अन्तर्गतराखिएको छ । लोककथाहरु संस्कृतिक तथा राष्ट्रिय जनजीवनका रीतिरीवाजलाई प्रतिबिम्वित गर्ने खालका हुनु पर्दछ । कक्षा ८ मा मित्रता शीर्षक कथा लोक कथाको रुपमा समावेश गरिएको छ । राजा द्रुपद र द्रोणको मित्रताको बारेमा चर्चा गर्दै आफ्नो वचनमा सधै अडिग रहनुपर्छ, कहिल्यै घमण्ड गर्नु हुँदैन भन्ने शिक्षा यस कथाबाट प्राप्त गर्न सकिन्छ ।

भारद्वज ऋषिका छोरा द्रोण र पाञ्चाल नरेश पृषत्का छोरा यज्ञसेन एउटै गुरुकूलमा पढ्ने गरेका थिए । यी दुईका बिचमा प्रगाढ मित्रता रहेको र द्रुपदले आफू पाञ्चाल देशको राजा भएपछि सिंहासनको सुखभोग तिमीसँग पनि बाँड्छु , आधा राजइ म तिमीसँग बाँड्छु भनेर प्रतिज्ञा गर्दछ । तर पछि आफु राजा भएपछि उसमा घमण्ड बढ्छ र आफ्नो साथी द्रोणको अपमान गर्दछ । हस्तिनापुरमा द्रोणले राजकुमारहरुलाई डण्डिबियो खेलिरहेको

अवस्था देख्छन् । डण्डिबियो इनारमा पसेपछि राजकुमारहरुले द्रोणलाई डण्डिबियो झिकिदिन आग्रह गर्दछन् र द्रोणले आफ्नो शास्त्रास्त्र प्रयोग गरेर इनारबाट डण्डिवियो र औठी निकालिदिन्छन् । त्यो कुरा राजकुमारहरुले आफ्ना पितामह भीष्मलाइ बताउछन् । भीष्मले ससम्मान द्रोणलाई दरबारमा ल्याएर भोजन गराई दरबारमै बसेर राजकुमारहरुलाई शास्त्रास्त्र विद्या सिकाउनका लागि दरबारमै बस्न प्रस्ताव गर्दछन् । उनले त्यो प्रस्ताव सहर्ष स्वीकार गरेर अश्वत्थामालाई पनि सँगै राखे । दरवारमा नै बस्न थाल्दछन् । राजकुमारहरुलाई धनुविद्यामा पारङ्गत गराइसकेपछि उनले गुरुदक्षिणाका रुपमा द्रुपदलाई नै ल्याउन भन्दछन् । कौरव र पाण्डवहरुका बिचमा घमासान युद्ध भएपछि राजकुमारहरुले द्रुपदलाई ल्याउछन् अनि द्रोणले द्रुपदलाई सत्ता पाएपछि आफ्नो प्रतीज्ञा विर्सिएको सम्झाउछन् । आफूले कहिल्यै पनि पद र ऐश्वर्यको भरमा साथीहरु बिच विभेद नगर्ने कुरा गर्दछन् । आफूसँग भएको आधा राज्य भित्र द्रुपदलाई फिर्ता दिन्छन् र कुनै प्रतिशोध नलिकन सम्मान पूर्वक द्रुपदलाई विदा गरी आफूलाई असल व्यक्तिको रुपमा द्रोणले आफ्नो असल परिचय दिन्छन् । महाभारतको कथालाई र्णन गरेको हुनाले यो पौराणिक कथा पर्दछ । मित्रतामा कहिल्ये पनि घमण्ड गर्नु हुँदैन भन्ने सन्देश यस कथाले दिन खोजेको छ ।

### ४.१.२ आधुनिक कथा

आधारभूत शिक्षा पाठ्यक्रम (२०६९) ले कथा विधाको वर्गीकरण गर्दा आधुनिक कथा अन्तर्गत सामाजिक कथा र बाल मनोवैज्ञानिक कथालाई समावेश गरिएको पाइन्छ ।

#### ४.१.२.१ मनोवैज्ञानिक कथा

सामाजिक विषयवस्तु लिएर कथा लेखिए झै जुन कथाकारले मानिसको अवचेतन र अन्तर्गतको मनोजगतसँग रुचि राखेर कथालेख्दछ, ती कथा मनोवैज्ञानिक बन्न पुग्दछन् । मानिसका कामवासना र उत्तेजनासम्बन्धी रुचि राखेर लेखिएका कथा यौमनोविश्लेषण कथा बन्न पुग्दछन् । बालकको मनोलोक नियालेर लेखिएका कथा बालमनोवैज्ञानिक कथा हुन्छन् । जे होस समाजको प्रतिबिम्ब झल्किए झै मानिसका अन्तर्मनको संसारलाई चियाउने र उद्घाटन गर्ने कथा मनोवैज्ञानिक कथा हुन् (आचार्य, २०६८ :पृ.१७) ।

कक्षा ८ मा भाग्य र एउटा घटना कथा बालमनोवैज्ञानिक कथाको रुपमा रहेको छ ।

मानिसले भाग्यमाथि भरोसा नराखिकन निरन्तर मेहनत र परिश्रम र लगानका साथ काम गर्नुपर्दछ । मानिसले एउटै लक्ष्य लिएर अघि बड्नुपर्दछ । आफ्नो भाग्य आफै लेख्नुपर्छ । निरन्तर प्रयास गरियो भने एक दिन सफलता अवश्य प्राप्त गर्न सकिन्छ भन्ने सन्देश यो कथाले दिन खोजेको छ ।

पुन्टेले छैटीमा देवताले निधारमा भाग्य लेखिदिन्छन भन्ने भनाइ आफ्नी हजुरआमालेकानेको सुन्छ । त्यसपछि ऊ बहिनीको छैटीको प्रतीक्षा गर्दै बस् । अनि उसले आफ्ना साथीभाइलाई हेर्छ , उनीहरुसँग आफूलाई दाँज्छ । आफ्नो साहु र आफ्नो वालाई दाँज्छ । त्यसपछि उनले आफूसँग भाग्य नभएको आफूलाई दुख भएको सम्झन्छ । उसको बुबाले भाग्यभनेको देवताले हाम्रो निधारमा लेख्ने कुरा नभएर हामीले आफ्नो जीवनमा लेखिन्छ । कर्मको कलम अर्थात् कामले मानिसले भाग्य लेख्न सक्छन् भनेर सम्झाउछन् । आफुले काम गर्न जानेको तर त्यसलाई भाग्यसँग जोड्न नसकेकाले दुःख पाएको बताउछन् । श्रम र जमिनको सम्बन्धलाई आफ्नो भागइसँग जोडेर आफ्नो भाग्य आँफै जोड्नु पर्छ भन्दछन् र पुन्टे पनि आफ्नो भाग्य आाफै लेख्ने परिकल्पनामा निमग्न हुन्छ । पुन्टेको मनोविज्ञानमा आधारित रही घटनाहरुको वर्णन गरिएकाले यो बालमनोवैज्ञानिक कथा हो ।

एउटा घटना कक्षा ८ मा प्रयुक्त मनोवैज्ञानिक कथामध्ये दोस्रो कथा हो । हामीले आफूभित्र भएको प्रतिभा क्षमता र सीपलाई प्रदर्शन गर्दा अथवा जुनसुकै कार्य गर्दा अरुलाई असर पार्ने खालको व्यवहार गर्नु हुँदैन । आफुले नजानीकन कुनै गल्ती गरिएको छ भने त्यसलाई सहर्ष स्वीकार गर्नुपर्दछ भन्ने शिक्षा यस कथाले दिन खोजिएको छ ।

एउटा घटना कथामा सुरेशको मनोविज्ञानको चर्चा गरिएको छ । सानैदेखि उसको रुचि खेलमा नै भए हुन्छ । दिनहु एउटै समयतालिका अनुसार विषयहरु रहिरहनु पर्नेभएकाले उसलाईपढाइप्रति रुचि उत्पन्न हुदैन । उ खेलको बारमा कुरा गरेर कहिल्यै थाक्दैन । खेलमा आफ्नो सीप र क्षमता प्रर्दशन गर्दा खोज्दा उसबाट गल्ती हुन्छ र त्यसलाई सहज रुपमा स्वीकार्दछ । विद्यार्थीहरुको  वैयक्तिक भिन्नता अनुसार उसको रुचि, स्तर, तह, क्षमता, आवश्यकता र पृष्ठभूमि फरकफरक हुनाले उसको सोचाइमा पनि फरकपना आउने हुन्छ । ठूलाले सानालाई हेप्ने , कुनै काममा साथीलाई उकास्ने, आफ्नो गल्तीलाई ढाकछोप गर्न खोज्ने भए तापनि आफ्नो गल्तीलाई महशुस गरी सुधार्ने प्रयत्न गर्ने प्रतिष्पर्धात्मक भावना लिएर अगि बड्ने जस्ता घटनाको चर्चा गरिएकाले यो मनोवैज्ञानिक कथा हो ।

### ४.१.२.२ सामाजिक कथा

समाजको प्रतिबिम्ब झल्किएको र उतारिएका कथाहरुलाई यसअन्तर्गत राख्न सकिन्छ । यस प्रकारका कथाहरुमा कथाहरुले सम्बन्धितसमाजमा मुल्य मान्यताहरुले प्रस्तुति गर्दछ । यस क्रममा समाजका विकृति र विसङ्गतिको उन्मूलन र समाजसुधारको चाहाना पनि कथामा प्रकटभएको पाइन्छ । कथा कारले समाजको आर्थिक राजनैतिक, साँस्कृतिक र भौगोलिक अवस्थाको अवस्थाको बस्तुपरक र भावपरक दुबै प्रकारले चित्रण गर्न सक्दछन् । अधिकांश सामाजिक कथाकारहरु वर्तमान समाजप्रति नै ज्यादा रुचि राख्दछन् र समाजका वितृति देखाउटै असल र सुधारात्मक चेतको मार्ग निर्देशन समेत गर्दछन । आचार्य, २०६४, १७)

कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा समावेश गरिएको ठग समातियो कथा सामाजिक कथा हो । हाम्रो समाजमा हिजो आज चोर फटाहा , बद्मास ठग तथा अपराधीहरुको संख्यामा वृद्धि भइराखेको छ । त्यसैले नौला अपरिचित तथा जोकोहीको कुरामा विश्वास गर्नु हुँदैन । अरुले भनेको कुरामा तुरुन्त विश्वास नगरी सत्यतथ्य पहिन्याएर मात्र विश्वास गर्नुपर्दछ । जुनसुकै ठाउँमा पनि नराम्रो मनोवृत्ति भएका मानिसले आफूलाई फसाउन सक्छन् । यस्ता गतिविधिहरुलाई फस्टाउन नदिन हरेक व्यक्ति सचेत हुनुपर्दछ भन्ने शिक्षा यस कथाले दिन खोजेको छ ।

यस कथामा विराज र उसको परिवारको बारेमा चर्चा गरिएको छ । विराज सानै देखि पढ्नमा तेज विद्यार्थी थियो । एकदिन स्कुलबाट केहि समय ढिला भयो । त्यतिबेला उसको साथी बनेर एकजना ठग त्यहाँ आउछ र विराजलाई मोटरले हानेको छ उपचार गर्नका लागि केही रकम चाहिएको र छिटो दिए आफू गइहाल्ने कुरा बताउछ । उसकी आमा आत्तिएर पैसा दिइहाल्ने कुरा गर्दछन । तर विराजको भाइ विक्रमले त्यस व्यक्तिलाई नियालेर हेरिरहेको थियो । विराजका धेरै साथीहरुलाई विक्रमेल चिन्दथ्यो । तर त्यो केटो हड्वडाएको देखेपछि विक्रमलाई शंका लाग्यो । त्यसपछि उसले विराजले भरे ढिला हुन्छ भनेको सम्झिएर विराजको साथी रमेशलाई फोन गऱ्यो र विराज त्यही भएको खबर थाहा पायो । त्यसपछि त्यो खबर सवैलाई पुऱ्याएर त्यस ठगलाई पक्रिइ सजाय दिइएको घटना । यस कथामा उल्लेख गरिएको छ समाजमा घट्ने घटनाको चित्रण गरेकाले यो कथा सामाजिक कथा हो ।

### ४.१.२.३ नीतिकथा

नैतिक उपदेश प्रदानगर्ने किसिमका कथालाई नीतिकथा भनिन्छ । यसले विद्यार्थीहरुमा नैतिक उपदेश प्रदान गर्ने तथासत्चरित्रको विकास गर्ने लक्ष्य राखेको पाइन्छ ।नीतिकथाले पौराणिक तथा लोककथासँग पनि सम्बन्ध राख्नेगर्दछ । यसमा आदर्शको प्रस्तुती भएको हुन्छ । यस्ता कथाहरुले मानिसहरुलाई सत्चरित्रमा लाग्न प्रेरित गर्दछन् र सत्मार्गमा हिडाउन प्रयत्न गर्दछन् । आधारभूत तहमा अध्ययन गर्ने विद्यार्थीहरुमा यस्तै असल चरित्रको निर्माण गर्न आधारभूत तह कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा नीतिकथाका रुपमा सिंह र स्यालको कथालाई लिइएको छ ।

कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको सिंह र स्यालको कथा नीतिकथा हो । यस कथामा एउटा जङ्गलमा भाले र पोथी सिंह बस्दथे तिनीहरुले दुईवटा बच्चा जन्माएका थिए । र भाले सिंह सधैं भरी सिकार खेल्न जान्थ्यौ । एकदिन भाले सिंहले सिकार खेल्न जाँदा स्यालको बच्चोलाई लिएर आँउछ र सिकार खेल्न जाँदा त्यो सानो स्यालको बच्चा भाग्नुको सट्टा उल्टै सिंहको शरणमा आउँछ । शास्त्रमा पनि विद्वान, विदुषी ब्रहमचारी र बालकलाई मार्न हुँदैन भनिएको छ भनेर उनले पोथी सिंहलाई म आफू स्यालको भोजन नगर्ने तिमीहरु यसलाई भोजन गर भनेर भन्दछ । तर पोथी सिंहले तपाईले त आफ्नो बच्चा ठानेर मार्नुभएन म पनि यसलाई आफ्नो तेस्रो बच्चा ठानेर पालनपोषण गर्दछु भन्छे । पोथी सिंहले सानो स्यालको बच्चालाई आफ्नै बच्चासरह ठानी आफ्ना दुध रुवाउदै हुर्काउछ । तिनवटै वच्चाहरु खुव रमाइलोकासाथ हुर्किदै जान्छन् । एकदिन तिनवटै जनवारहरु जङ्गलमा घुम्दैजाँदा हात्ती आउछ र हात्तीलाई देखेपछि स्याल डराएर भाग्न थाल्छ यो कुरा सिंहका बच्चाहरुले आफ्नी आमालाई सुनाउँछिन र पोथी सिंहले सबै सत्य कुरा तिनीहरुलाई बताउँछिन र सत्यतथ्य कुरा थाहा नपाउँदा घमण्ड गर्ने स्याल सत्य थाहा पाएपछि र झगडाको कारणले परिस्थिति बदलिएपछि आफ्नैवथानखोजेर बस्न खोजको कुरा यस कथामा व्याख्या गरिएकोछ र शरणमा आएका लाई संरक्षण गर्नुपर्छ , आपसमा कहिल्यै घमण्ड गर्न हुँदैन उचित समयमा सबैको भलो गर्नुपर्छ नैतिक उपदेश प्रस्तुत सिंह र स्यालको कथाले दिएको छ ।

### ४.१.२.४ ऐतिहासिक कथा

इतिहासमा घटित घटनाको पृष्ठभूमिमा संरचित कथालाई ऐतिहासिक कथा भनिन्छ । ऐतिहासिक कथाले वीर पुरुष वा ऐतिहासिक पुरुषको व्यक्तित्व र ऐतिहासिक घटनाको स्मरण गराउन मद्दत गर्दछ । कुनैपनि देशको राष्ट्रियता र देशभवितपूर्ण भावना पाठकमा सञ्चार गराउन ऐतिहासिक कथाले महत्वपूर्ण भूमिका खेल्दछ । ऐतिहासिक कथाले राष्ट्रको प्राचीन सँस्कृति र सभ्यतालाई पनि उजागर गराउँछ । (ढुङ्गेल र दाहल, २०६७)

आधारभूत तह कक्षा ८ मा चेतन वशिष्ठद्वारा लेखिएको स्वाभिमान कथा ऐतिहासिक कथाका रुपमा रहेको छ । सानो राज्य नेपाललाई आफ्नो पकडमा बनाउनका लागि जस्तोसुकै कार्य गर्न, नेपाल जस्तो सानो राज्यलाई औलामा नचाउन र हरियो वन नेपालको धनका रुपमा रहेको नेपालको जङ्गलका काठहरु ल्याएर त्यसमा रेलगुडाउन कुरा गर्दछन् । र पैसाको लालच देखाएर नेपालका गोप्य सुचनाहरु आफूले खोज्ने र जसरी पनि आफ्नो साम्राज्यको विस्तारगर्ने कुरा गर्दछन् । स्वाभिमानी नेपालीहरुलाई युद्धबाहेक अन्य कुराहरुमा आफूले जित्न नसक्ने कुरा गर्दै । भित्र भित्र कुटनीति रच्न थाल्दछन् । वीर योद्धा भिमसेन थापा अङ्ग्रेज विरोधी भएका र उनीहरुले जसरी भएपनि अङ्ग्रेजहरुको छाँया नेपालमा पर्न दिदैनथे ।

यहि कुरा थाहा पाएपछि अङ्ग्रेजहरुले पनि युद्धको तयारी गर्न थाले र पत्र पठाएर नेपालका विभिन्न भुभाग खाली गर्न लगाए । र नेपालसँग राष्ट्रवादीहरु मर्न तयार हुन्छन् तर अर्काको अपमान सहेर शिर झुकाइ राष्ट्रघाती कामगर्दैनन् भनेर भन्ने थाले र विभिन्न व्यक्तिहरुको बिचमा मतभेद खडा भयो कसैले बितसले मागेको भूभाग फिर्ता दिनुपर्छभने त कसैले युद्ध लड्नुपर्छ भने तर यो कुरा सुनिरहेका भीमसेन थापाले पराइले माग्यो भन्दैमा जे पनि सुम्पने आज कुनै भुभाग माग्ने मान्छेले भोलि राष्ट्रनै माग्यो भने सुम्पने आफ्नो प्राण भन्दा प्यारो राष्ट्रको एक टुक्रा पनि गौराङ्गलाई सुम्पनुभन्दा बरु युद्ध गरौं बरु सबैजना मर्न तयार हुनुहोस भनेर निर्देशन दिन्छन् र अङ्ग्रेजहरु समक्ष नेपालले स्वाभिमानका लागि युद्ध स्वीकारेको विषयवस्तु रहेको हुनाले प्रस्तुत कथा ऐतिहासिक कथा हो ।

## ४.२ सीपगत दृष्टिले कथाको विश्लेषण

भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य भाषिक सीप विकास गर्नु हो भाषाका सीपहरु एक अर्काका अन्तरसम्बन्धित हुन्छन् । भाषिक सीपहरु एकअर्कामा अन्तरसम्बन्धित हुने भएकाले नै कुनै एक सीप गलत भयो भने अर्को सीप पनि गलत हुन्छ । भाषाका चार सीप समान रुपमा विकास हुनु पर्दछ । कक्षा ८ को नेपाली किताबमा समाविष्ट कथाहरुबाट पार्नेभाषाका आधारभूत सीपहरु विकास गर्न सकिन्छ । भाषिक सीपलाई कथाका आधारमा निम्नानुसार छुट्टै विश्लेषण गरिएको छ :

### ४.२.१ सुनाइ सिप

भाषाको विकास सुनाइबाटै आरम्भ हुन्छ, त्यसैले श्रुतिबोध क्षमता विकासलाई भाषा शिक्षणको आधार विन्दु मानिन्छ । श्रुतिलाई सामान्य मनोरञ्जनात्मक र विश्लेृषणात्मक गरी तिन भागमा वर्गीकरण गर्न सकिन्छ । व्यक्तिका भाषिक सिपहरुको संयुक्त विकासका लागि सुनाइ पहिलो अनिवार्यता मानिन्छ । शर्मा र पौडेल, २०७२)

सबै किसिमका कथा श्रवणीय हुन्छन् । विभिन्न किसिमका कथाहरुले विभिन्न किसिमका कार्यकलापका माध्यमबाट सुनाइ सीप विकास हुने गर्दछ । सुनाइ सीप विकास गर्नका लागि ध्वनि विभेदीकरण, वर्ण विभेदीकरण, शब्द विभेदीकरण, वाक्य विभेदीकरण, श्रुति निर्देशन, श्रुति उच्चारण , श्रुति प्रयोग, श्रुतिलय, श्रुति बुँदा टिपोट, श्रुति सारांश, श्रुति विवाद , आदि जस्ता कार्यकलाप सञ्चालन गर्न सकिन्छ । (शर्मा पौडेल २०६२) कथा मनोरञ्जन प्रदान गर्ने, कौतुहुल जगाउने जगाउने र सुनिरहन मनलाग्ने सरल एवम सुबोध भाषाशैली भएको हुन आवश्यक हुन्छ । अधिकारी, २०६९)

माध्यमिक तह कक्षा आठमा समावेश गरिएका सबै कथाहरु श्रवणिय प्रकृतिका रहेका छन् । भाग्य कथालाई विश्लेषणात्मक तरिकाले सुनेर विद्यार्थीहरुले कसरी श्रम र जमिनको सम्बन्धलाई भाग्यसँग जोड्नु पर्छ । कसरी मानिसहरु काम गर्दै गर्दै गरिब बन्छ अनि कसरी कामै नगरीकन पनि मान्छे धनी बन्छन् भन्ने कुरा प्रस्तुत मनोवैज्ञानिक कथालाई विश्लेषणात्मक तरिकाले सुनेर विषयवस्तुलाई अझ प्रष्ट हुने गरी बुझ्न सक्दछन् । प्रस्तुत भाग्य कथाले विद्यार्थीको सुनाइ सीपलाई विकास गराएको पाइन्छ ।

मित्रता कथालाई पनि विद्यार्थीहरुले गहन रुपमा सुनेर मित्रता र मित्रको महत्व अनि ऐश्वर्यको उन्मादले मित्र र मित्रतामा देखिएको विभेदको बारेमा थाहा पाउन सक्दछन् । कथामा प्रयोग भएका तत्सम शब्दहरु जस्तै शस्त्रविद्या, विश्राम, पारङ्गत, दरिद्र अकिञ्चन, हस्तकौशल, ऐश्वर्य जस्ता शब्दहरुबारे धारणा बसाल्न सक्छन् । कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त मित्रता कथाले विद्यार्थीको सुनाइ सीप विकास गराएको पाइन्छ ।

एउटा घटना कथालाई विद्यार्थीहरुले मनोरञ्जनात्मक रुपले श्रवण गरी मानिसले जुनसुकै ठाउमा सफलताप्राप्त गर्न तन, मन लगाएर निरन्तर काम गरिरहनु पर्छ । आफूले गरेको गल्ति स्वीकार गर्नुपर्छ भन्ने शिक्षा प्राप्त गर्न सक्दछन् पाठका विषयवस्तु राम्रोसँग सुन्न सकिएन वा भनौ सुनाइ सीपनै कमजोर भयो भने भाषाका अन्य सीपहरु प्रभावकारी रुपमा विकास हुन सक्दैनन् । एउटा घटना कथाले विद्यार्थीहरुमा सुनाइ सीप विकास गराएको पाइन्छ ।

सामाजिक विषयवस्तुमा आधारित रहेर लेखिएको प्रस्तुत ठग समातियो कथाका माध्यमबाट विद्यार्थीहरुमा सुनाइ सीपको विकास गर्न खोजिएको छ । यसमा प्रयोग भएका सम्बादहरुले विद्यार्थीहरुलाई एकाग्रता पूर्वक सुन्नका लागि अभ्यस्त गराउँछ । यस कथालाई ध्यान पूर्वक सुनेर विद्यार्थीहरुले समाजमा विकृति बढ्दै छ । चोर फटाहाहरुको संख्या दिन दिनै वृद्धि भइरहेको छ र हामीले सचेत भएर तीनबाट घट्न सक्ने सम्भाव्य दुर्घटनाहरुबाट बच्न सक्छौ भन्ने शिक्ष दिएको छ । आधारभूत तह कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा प्रयुक्त कथा विधाहरुमध्येको ठग समातियो कथाले विद्यार्थीहरुमा सुनाइ सीप विकास गरेको पाइन्छ ।

शरणमा आएकालाई संरक्षण गर्नुपर्छ आपसमा कहिल्यै झगडा गर्नु हुदैन समय आए पछि सहि कुरा बताउनु पर्छ सके सम्म सबको भलो गर्नु पर्छ भन्ने नैतिक शिक्षा दिने सिंह र स्यालको कथाले पनि विद्यार्थीहरुको सुनाइ सीपलाई विकास गर्नका लीगि महत्वपूर्ण भुमिका खेलेको छ । शरणको मरण, कुलेलम ठोक्नु, जास्ता टुक्काहरुको प्रयोगले यसलाई अझ श्रवणीय बनाएका छन् । नीति कथाले आदर्शको प्रस्तुती गरेको र सत्चरित्रको विकास गर्ने किसिमका विषयवस्तुहरुलाई अवलम्बन गरेको हुन्छ । जनु विषय विद्यार्थीहरुका लागि एकदमै रुचिकर हुन्छ । र तिनीहरुले यस्ता कथाहरु ध्यान पूर्वक सुन्ने गर्दछन् । आधारभूत

तह कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा समावेश गरिएको सिंह र स्यालको नीति कथाले विद्यार्थीहरुमा सुनाइ सीप विकास गराएको पाइन्छ ।

ऐतिहासिक विषय वस्तुमा आधारीत रहेर लेखिएको स्वाभिमान कथाले पनि विद्यार्थीहरुलाई इतिहासका घटनाहरुलाई बुझ्नका लागि ध्यान पूर्वक सुन्न प्रेरित गर्दछ । सिंह र स्यालको  कथाले पनि विद्यार्थीहरुमा सुनाइ सीप विकास गराएको पाइन्छ ।

### ४.२.२ बोलाई सीप

भाषा सिकाइको आरम्भ श्रवण कथन अभिव्यक्ति वा बोलाइबाटै हुन्छन् । श्रवण बिनाको कथन वा मौखिक अभिव्यक्ति अथवा बोलाइको कल्पनासम्म गर्न सकिदैन । त्यसैले सुनाइ र बोलाइ भाषा सिकाइका आधारशिला मानिन्छन् । बोलाइ अभिव्यक्ति समग्र अभिव्यक्तिको उच्चतम र प्रभावशाली माध्यम हो । सबल मौखिक अभिव्यक्तिका माध्यमले सामाजिक जीवनका मानवीय भावना आकांक्षा र जिज्ञासा प्रकट गरी सुखदुख सातेर सहयोग साहानुभूती शिष्टता तथा सभ्य संस्कार आदान प्रदान गर्ने सहज क्षमता दिलाई हलुको हुने र लाभान्वित हुने कार्यमा टेवा पुऱ्याउने भएकाले कथा शिक्षण एकदम उपयोगी रहेको पाइन्छ ।

सीप विकास गराउन कुराकानी संवाद परिचयात्मक कार्यक्रम प्रश्नोत्तर वस्तु तथा चित्रवर्णन घटना , यात्रा तथा रुचि वर्णन मौखिक प्रतिवेदन कथाकथन तथागायन, चिट्ठा खेल, वादविवाद , छलफल तथा नाट्यात्मक अभिनय , विचार तथा प्रस्तुति व्याख्यान तथाप्रवचन, सामुहिक विचार विमर्श , बक्तृता, कक्षा प्रस्तुतिकरण जस्ता कार्यकलाप सञ्चालन गर्न सकिन्छ । (शर्मा र पौडेल २०७२)

आधारभूत तह कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा समावेश गरिएको भाग्य कथाले बोलाई सीपको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । विद्यार्थीहरुमा कथा वाचनको माध्यमले सुनाइसीपको विकास गराउन सकिन्छ । पाठमा प्रयोग भएका संवादहरुले बोलाइ सीप विकासमा प्रत्यक्ष रुपमा प्रभाव पारेको देखिन्छ । भाग्य कथाले विद्यार्थीहरुमा बोलाई सीप विकास गराएको पाइन्छ ।

मित्रता कथाका माध्यमबाट पनि बोलाइ सीप विकासमा महत्वपूर्ण सहयोग पुग्दछ । राजा द्रोण र द्रोपदको मित्रताको चर्चा गरिएको यस कथाका माध्यमबाट विद्यार्थीहरुले

मनोरञ्जनात्मक रुपमा अभिनय गर्दै बोलाई सीप विकास गर्न यसपाठमा प्रयोग भएका विभिन्न तत्सम तथा तत्भव शब्दहरु कुनै कुनै केही जटिल प्रकृतिका रहेका पाइन्छन । त्यस्ता जटिल शब्दाहरुलाई शुद्ध उच्चारण गरी आफ्नो उच्चारण गर्ने क्षमता विकास गर्न पनि यस पाठले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

आधारभूत कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको एउटा घटना कथाले पनि विद्यार्थीहरुमा बोलाई सीप विकास गर्न महत्वपूर्ण भुमिका निर्वाह गरेको पाइन्छ । सुरेशको मनोविज्ञानको चित्रण गर्दै लेखिएको यस मनोवैज्ञानिक कथाले विद्यार्थीहरुमा बोलाई सीपमा विकास गराएको पाइन्छ । पाठका बीच बीचमा प्रयोग गरिएका संवाद हरुले पनि विद्यार्थीहरुको बोलाई सीप विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

आधारभूत तह कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको ठग समातियो कथाले पनि विद्यार्थीहरुमा बोलाई सीप विकास गर्ने लक्ष्य राखेको पाइन्छ । विभिन्न तत्सम, तत्भव तथा आगन्तुक शब्दहरुको प्रयोग गरिएको यस कथालाई पढेर विद्यार्थीहरुले आफ्नो बोलाई सीपलाई विकास गराएको पाइन्छ ।

कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेस भएको नैतिक उपदेश दिने सिंह र स्यालको कथाका माध्यमबाट पनि विद्यार्थीहरुमा बोलाई सीप विकास गराउने लक्ष्य राखेको पाइन्छ । सर्वप्रथम शिक्षकले त्यो कथा भनेर विद्यार्थीहरुलाई पनि कथा भन्न लगाउनु पर्छ । कथा वाचनका क्रममा आरोह अवरोह लाई ख्याल गरी अभिनयात्मक ढंगले बोल्न प्रेरित गर्नु पर्दछ । यस कथाका माध्यमबाट विद्यार्थीहरुमा बोलाई सीप विकास भएको छ ।

कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश स्वाभिमान कथा पढेर विद्यार्थीहरुले नेपालको इतिहास बारे बताउन सक्छन् । अत्यधिक आगन्तुक शब्दहरुको प्रयोग भएको प्रस्तुत कथाबाट विद्यार्थीहरुले शब्द उच्चारण देखि लिएर अभिनयात्मक तरिकाले कथा वाचन गर्न पनि सक्दछन् । कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश भएको स्वाभिमान कथाले विद्यार्थीहरुमा बोलाइ सीप विकास गराएको छ ।

## ४.३ पढाइ सीप

लिपिबद्ध दृश्यात्मक भाषामा उत्तारिएका ज्ञान एवम् सुचनालाई मष्तिष्कले अर्थ बोध गर्नु वा ग्रहण गर्न पढाइ हो । पढाइ सस्वर र मौन गरी र किसिमका हुन्छन् । तल्ला तहको

सस्वर पढाइ हुन्छ भने माथिल्ला तहमा मौन पढाइ गर्ने गरिन्छ । पढाइ गर्दा आँखा , दृश्यात्मक प्रतीक र अर्थानुसन्धान जस्ता कुराको संलग्नता रहन्छ । त्यसैले यो एउटा जटिल प्रक्रिया हो । (शर्मा र पौडेल, २०७२)

पढाइ सीप विकास गर्नका लागि पनि कथा विधाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । पठन बोधगर्दा विषयको टिपोट , शब्दार्थ सम्बन्धी कठिनाइ निवारण सस्वर तथा मौन पढाइ, बोध प्रश्नोत्तर, मुख्य विचार वा सारांश  भन्न लगाउने शब्द तथा शब्दार्थ पूर्ति गर्न लगाउने अनुच्तछेद वा सङ्कथनको परीक्षण गर्न लगाउने जस्ता कार्यकलाप सञ्चालन गर्न सकिन्छ ।

आधारभूत तह कक्षा ८ का विद्यार्थीहरुका लागि पढाइ सीप विकास गर्ने उद्देश्य पूरा गर्नका लागि भाग्य कथालाई समावेश गरिएको छ । माध्यमिक तहको तहगत सक्षमता अन्तर्गत पनि प्रचलित विधागत र सुचना मूलक सामग्रीहरुको सुनाइ र पढाइलाई समावेश गरिएको पाइन्छ । भाग्य कथामा सामाजिक विषयवस्तुका प्रस्तुतिकरणका ।माध्यमबाट विद्यार्थीहरुमा पढाइ सीप विकास गराइएको पाइन्छ ।

आधारभूत तह कक्षा ८ का विद्यार्थीहरुको पढाइ सीपलाई विकास गराउने अर्को कथा मित्रता शीर्षक कथा हो । यस कथालाई विद्यार्थीहरुले विश्लेषणात्मक तथा मनोरञ्जनात्मक तरिकाले पढ्न सक्दछन् । यहाँ प्रयोग भएका तत्सम तथा तद्भव शब्दहरुलाई राम्ररी बुझ्ने गरी पढ्नु पर्ने हुन्छ । त्यसले पनि विद्यार्थीहरुमा पढाइ सीपको विकास भएको पाइन्छ ।

आधारभूत तह कक्षा ८ का विद्यार्थीहरुको पढाइ सीपलाई विकास गराउने अर्को कथा एउटा घटना कथा हो । यस कथामा रहेका संवादात्मक अभिव्यक्तिलाई अभिनय गर्दै विद्यार्थीहरुले मनोरञ्जनात्मक रुपले पढ्न सक्दछन् । प्रस्तुत कथाले भाषाका चारओटै सीप लाई विकास गराउन खोजेको छ । र यसले विद्यार्थीहरुमा पढाइ सीप विकास गराएको पाइन्छ ।

आधारभूत तहकक्षा ८ का विद्यार्थीहरुको पढाइ सीप विकास गराउन समावेश गरिएको अर्को कथा ठग समातियो कथा हो । यसलाई पढेर विद्यार्थीहरुले समाजमा भएका

विकृति विसंगति र त्यसबाट कसरी बच्ने भन्ने कुरा थाहा पाउन सक्छन् । यस कथाले विद्यार्थीहरुमा पढाइ सीप विकास गराएको पाइन्छ ।

सिंह र स्यालको कथाका माध्यमबाट विद्यार्थीहरुमा नैतिक उपदेश दिँदै पढाइ सीप विकास गराइएको पाइन्छ ।

ऐतिहासिक कथा स्वाभिमान का माध्यमबाट पनि विद्यार्थीहरुमा पढाइ सीपको विकास गराइएको पाइन्छ । यसमा भएका विषयवस्तुहरुलाई पढेर विद्यार्थीहरुले नेपालको इतिहासको बारेमा बुझ्न सक्छन् । सस्वर पढाइ र मौन पढाइ दुवै कार्यकलाप सञ्चालन गरी यस कथालाई शिक्षण गर्न सकिन्छ समग्रमा भन्दा यस कथाले विद्यार्थीहरुमा पढाइ सीप विकास गराएको छ ।

### ४.२.४ लेखाइ सीप

भाषाका दुई रुप मध्ये मनकाभावहरुलाई ध्वनि सङ्केतका माध्यमले अभिव्यक्त गर्दा ध्वनि सङ्केतहरुलाई अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । बोलेर विचार विनिमय गर्न नसक्ने स्थितिमा यसको प्रयोग गरिन्छ । जुन स्थायी किसिमको हुन्छ । लेखन कलाको दैनिक व्यवहारमा ठूलो महत्व छ । हरेक कावितले जीवनमा दिनानुदिन अनेकौ व्यवहार निर्वाह गर्नु पर्छ । विद्यार्थीहरुलाई गृहकार्य परीक्षा आदि समग्र सिकाइका प्रक्रियामा लेखन कलाको महत्वपूर्ण भूमिका हुन्छ । लेखन कथा शिक्षण गर्दा हस्तलेखन, अनुलेखन, श्रुतिलेखन , श्रुतिरचना, प्रश्नोत्तर लेखन, वस्तु तथा चित्र वर्णन, दैनिकी लेखन, भाव व्याख्या जस्ता कार्यकलाप सञ्चालन गर्न सकिन्छ । (शर्मा र पौडेल, २०७२)

कथा विधाका माध्यमबाट विद्यार्थीहरुमा प्रभावकारी रुपबाट लेखन सीप विकास गराउन सकिन्छ । कुनै कथामा एक किसिमको कार्यकलाप गराएर लेखन सीप विकास गराउन सकिन्छ । भने अर्को कथा शिक्षण गराउदा अर्कै किसिमको कार्यकलाप सञ्चालन गर्न सकिन्छ ।

## ४.३ विद्यार्थीको क्षमता र स्तर अनुरुपताको आधारमा कथा विधाको विश्लेषण

कक्षा ८ को नेपाली किताव २०७२ मा समावेश गरिएका कथाहरु पाठ्यक्रम अनुरुप भए पनि त्यस कथाहरु अध्ययन गर्ने विद्यार्थीहरुका स्तर र क्षमता र आवश्यकता अनुसारका

कथाहरु भए नभएको अध्ययन गर्नु पनि आवश्यक मानिन्छ । त्यसैले कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरु विद्यार्थीहरुको क्षमता अनुरुपताको अध्ययन छुट्टाछुट्टै रुपमा निम्नानुसार गर्न सकिन्छ ।

### ४.३.१ मित्रता कथा

कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका ६ वटा कथाहरुमध्ये पौराणिक कथाका रुपमा मित्रता कथा रहेको छ । जसमा माहाभारतमा वर्णित राजकुमार द्रोण र द्रुपदको मित्रताको वारेमा वर्णन गरिएको छ । ऐश्वर्यको मातले गर्दा मित्रसँगको प्रतिज्ञा भुलेर उसले मित्रलाई नराम्रो व्यवहार गरेको र त्यसतो व्यवहार गरेवापत उसले सजाय पाएको विषयवस्तु रहेको छ जुन विद्यार्थीका लागि सुरुचिपूर्ण विषय रहेको छ ।

आधारभूत तहको कक्षा ८ का विद्यार्थीहरुको स्तरलाई ध्यानमा राख्ने हो भने पारङ्गत अकिञ्चन, भाग्योदय, ऐश्वर्य, वचनबद्धता जस्ता केही कठिन शब्द प्रयोग भएको छ । समग्रमा भन्दा मित्रता कथा विद्यार्थीका स्वर अनुरुपनै रहेको छ ।

विद्यार्थीहरुमा विभिन्न किसिमका विषयवस्तुको माध्यमबाट नयाँ नयाँ तरिकाले भाषिक सीपहरु विकास गराउन सकिन्छ । कक्षा ८ को नेपाली किताबमा प्रयुक्त उक्त कथाले विद्यार्थीहरुको आवश्यकतालाई पूरा गरेको छ ।

### ४.३.२ भाग्य कथा

आधारभूत तह कक्षा ८ मा समावेश गरिएका ६ वटा कथा मध्ये भाग्य कथा बाल मनोवैज्ञानिक कथा अन्तर्गत रहेको छ । हामीले आफ्नो भाग्य आँफै लेख्न सक्छौं कर्मको कलम अर्थात् कामको माध्यमले मानिसले आफ्नो भाग्य आफै लेख्न सकिन्छ भन्ने सन्देश दिने यो कथा विद्यार्थीको रुचि अनुरुप नै रहेको पाइन्छ ।

### ४.३.३ एउटा घटना

एउटा घटना कथा आधुनिक कथा अन्तर्गत पर्ने मनोवैज्ञानिक कथा हो । सुरेश नामक विद्यार्थीको मनोविज्ञानको चित्रण गर्दै लेखिएको कथा हो । यसमा आफ्नो रुचिअनुसारका कामहरु तल मन लगाएर गर्नुपर्दछ र त्यसो गरेमा विद्यार्थीले सफलता प्राप्त

गर्न सक्दछन् र आफूले गरेको गल्ती नलुकाइकन त्यो गल्तीलाई स्वीकार गर्नुपर्दछ भन्ने शिक्षादिने प्रस्तुत एउटा घटना कथा विद्यार्थीको रुचि अनुरुप नै रहेको पाइन्छ ।

बालमनोविज्ञानको चित्रण गर्दै लेखिएको प्रस्तुत कथा विद्यार्थीका स्वरअनुरुप नै रहेको पाइन्छ ।

जुनसुकै कामलाई पनि तन मन दिएर सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ भन्ने शिक्षा दिने प्रस्तुत कथा विद्यार्थीको आवश्यकता अनुरुप नै रहेको पाइन्छ ।

### ४.३.४ ठग समातियो

समाजमा विभिन्न मनोवृत्ति भएका मानिसहरु हुन्छन् । समाजमा विकृति विसंगति बढ्दो छ र ठग तथा छलकपट गर्ने व्यक्तिहरुको संख्या दिनप्रतिदिन बढिरहेको छ र त्यसलाई कम गर्न व्यक्तिहरुले दिनप्रतिदिन काम गर्नुपर्दछ भन्ने शिक्षा दिने प्रस्तुत ठग समातियो तथा सामाजिक कथा हो जसलाई आधुनिक कथा अन्तर्गत समावेश गरिएको छ । यो विद्यार्थीको रुचि अनुरुप रहेको छ ।

सोझासाझा आभाबाबु हुँदा आफु सार्ने भएपनि कसरी चनाखा बन्ने र सम्भाव्य दुर्घटनाबाट बच्ने भनी शिक्षादिने प्रस्तुत एउटा घटना कथा कक्षा ८ का विद्यार्थीको स्तरअनुरुप रहेको पाइन्छ ।

भाषिक सीप विकासका साथसाथै समाजमा घटनासक्ने घटनाप्रति सचेत बनाइ सम्भाव्य दुर्घटनाबाट कसरी बच्ने भन्ने विषयमा लेखिएको प्रस्तुत कथाले विद्यार्थीहरुको आवश्यकतालाई पनि पुरा गरेको पाइन्छ ।

### ४.३.५ सिंह र स्यालको कथा

आफुलाई शरण दिनेलाई र शरण माग्न आउनेलाई कहिल्यैपनि दुख दिने कार्य गर्नु हुँदैन र कहिल्यै घमण्ड गर्नु हुँदैन भन्ने शिक्षा दिने प्रस्तुत नीतिकथा विद्यार्थीको रुचि अनुरुप नै रहेको पाइन्छ ।

सिंह र स्यालको कथाका माध्यमबाट विद्यार्थीहरुमा नैतिक उपदेश प्रदान गर्न प्रस्तुत कथाले विद्यार्थीको स्तरलाई ख्याल गरेको छ र विद्यार्थी अनुकूलका शब्द भण्डारहरुको चयनका कारणले गर्दा यो विद्यार्थीको स्तरअनुरुप नै रहेको छ ।

नैतिक उपदेश दिनका साथसाथै विभिन्न सिर्जनात्मक तथा भाषिक सीप विकासग गर्न प्रस्तुत गरिएको उक्त कथा विद्यार्थीको स्तर अनुरुप नै रहेको पाइन्छ ।

### ४.३.६ स्वभिमान

ब्रिटेनले नेपालसँग धावा बोलेको र नेपाललाई आफ्नो बनाउन खोजेको र गोप्य सुचनाहरु प्राप्त गर्न लाई व्यक्तिलाई पैसाको लोभमा पारेर साम दाम दण्ड भेदको नीति अपनाएर आफ्नो साम्राज्य विस्तार गर्न चाहने बेलायतसँग नेपालले स्वाभिमानका लागि हिम्मत जुटाएर युद्धलाई स्वीकारको कथा विद्यार्थीहरुको रुचि अनुरुप त्यति प्रभावकारी नभएको पाइन्छ ।

कठिन किसिमका शब्दभण्डारको प्रयोग र ऐतिहासिक विषयवस्तु रहेको कारणले प्रस्तुत कथा विद्यार्थीको स्तरअनुरुप नरहेको पाइन्छ ।

नेपालको इतिहास नेपालीहरुको वीरता साहस र पराक्रम अनि अरुसँग झुक्न नचाहने वीर योद्धाहरुको जानकारी दिने प्रस्तुत कथा विद्यार्थीको स्तरअनुरुप नै रहेको पाइन्छ ।

## ४.४ छनोटका आधारमा कथाको समीक्षा

जुनसुकै भाषाले औपचारिक शिक्षणका लागि पाठ्यवस्तुहरुको छनोट र स्तरण विभिन्न दृष्टिले गर्न आवश्यक ठानिन्छ । सीमित समय र स्रोतबाट अधिकतम लाभ प्राप्त गर्न जुनसुकै  स्थितिमा प्राथमिक कक्षा र ती भन्दा माथिजल्ला कक्षाहरुमा समेत नेपाली भाषा शिक्षणका सन्दर्भमाछनोट र स्तरण प्रासङ्गिक गहर्दछ । स्तरीय भाषिक सपि विकास गराउन पाठयपुस्तकमा भाषा सम्बन्धी विभिन्न विद्यार्थीहरुको छनोट गरिएको हुन्छ । भाषिक सीप वृद्धिका साथै विविध विषयवस्तुको जानकारी गराउने उद्देश्यले कथा विधामालोक कथा नीतिमूलक कथा, पौराणिक कथा ऐतिहासिक कथा सामाजिक कथाहरुको छनोट गरिएको हो । छनोट गरिएको विषयवस्तुलाई मिलाएर राख्ने क्रम स्तरण हो । पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुलाई विद्यार्थीको रुचि आवश्यकता उमेर पूर्वज्ञान जस्ताकुराहरुलाई ध्यान दिएर मिलाउने कार्य स्तरण हो । पाठ्यवस्तुको छनोटमा ज्ञातबाट अज्ञात तिर सरलबाट जटिल तिर, सामान्यबाट विशिष्टतिर जाने क्रम वा भनौ सिकाइको मनोवैज्ञानिक क्रम मिलेको छैन भने शिक्षकले जतिसुकैप्रभावकारी

रुपले शिक्षण गरे पनि शिक्षार्थीले सफल रुपमा शिक्षा हासिल गर्न सक्दैन । पाठको प्रस्तुतीकरणमा पूर्वधार सापेक्षता र पारष्परिक संवद्धताका आधारमा पहिलो पाठ दोस्रो पाठको लागि आधार वन्न सक्नु पर्दछ । यसको प्रयोजन पहिलो भन्दा दोस्रो , दोस्रो भन्दातेस्रो, तेस्रो भन्दा चौथो, पाठहरु स्तरिकृत हुदै जानुपर्छभन्ने हो । सुरुका पाठहरुमा कतिपय कुराहरुको पछिल्लो पाठमा श्रृङखलावद्ध रुपमा आवृति हुदै जानु पर्दछ । भाषा शिक्षणमा कथा शिक्षणका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आधारभूत तहको पाठ्यक्रमले कक्षा ८ मा लोककथा, नीतिकथा, पौराणीक कथा, ऐतिहासीक कथा र सामाजिक कथा समावेश गर्न निर्देश गरेको छ । कक्षा ८को नेपाली पाठ्यपूस्तकमा लोककथा समावेश गरिएको पाइदैन । पौराणिक कथा अन्तर्गत मित्रता कथा, सामाजिक कथा अन्तर्गत ठग समातियो कथा, नीति कथा अन्तर्गत सिंह र स्यालको कथा, ऐतिहासिक कथा अन्तर्गत स्वाभिमान कथा आदि जस्ता अन्य कथाहरु समावेश गरिएका छन् ।

४.४.१ पाठ्यवस्तु छनोटको परिचय

छनोटको अर्थ छान्नु, चयन गर्नु वा रोज्नु हो । भाषा पाठ्यक्रम निर्माणका क्रममा सम्बन्धित विषय शिक्षणका आवश्यकता विश्लेषण पूरा गर्नका लागि उपयुक्त उद्देश्यहरुको निर्धारण र निर्धारित उद्देश्य पूरा गर्नका लागि तय गरिने विषयवस्तु वा पाठ्यवस्तु निर्धारणका सिलसिलामा छनोट गर्नुपर्छ । के कस्ता र कुन आकार प्रकारका भाषिक पाठ्यसामग्रीहरु छनोट गरेमाती पाठ्य सामग्री विद्यार्थीका सिकाइ प्रवृत्ति एवम् स्तर अनुकूल हुन सक्छन् र अपेक्षित उद्देश्य र आवश्यकता पूरा गर्न उपयोगी हुनसक्छन् भने कुराको विवेक सम्मत सोच र प्रविधि नैपाठ्यवस्तु छनोटको अभिप्राय हो पाठ्यवस्तुलाई छनोट गर्दा विद्यार्थीहरुको रुचि क्षमता र स्तरलाई पनि ध्यान दिनु पर्दछ ।

४.४.१.१ कथाको विषयवस्तु

कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाका पाठहरुलाई विषयवस्तुका आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

क) भाग्य कथा

पुन्टेले छैटीमा देवताले निधारमा भाग्य लेखिदिन्छन भन्ने भनाइ आफ्नी हजुरआमालेकानेको सुन्छ । त्यसपछि ऊ बहिनीको छैटीको प्रतीक्षा गर्दै बस्छ । अनि उसले आफ्ना साथीभाइलाई हेर्छ , उनीहरुसँग आफूलाई दाँज्छ । आफ्नो साहु र आफ्नो वालाई दाँज्छ । त्यसपछि उनले आफूसँग भाग्य नभएको आफूलाई दुख भएको सम्झन्छ । उसको बुबाले भाग्यभनेको देवताले हाम्रो निधारमा लेख्ने कुरा नभएर हामीले आफ्नो जीवनमा लेखिन्छ । कर्मको कलम अर्थात् कामले मानिसले भाग्य लेख्न सक्छन् भनेर सम्झाउछन् । आफुले काम गर्न जानेको तर त्यसलाई भाग्यसँग जोड्न नसकेकाले दुःख पाएको बताउछन् । श्रम र जमिनको सम्बन्धलाई आफ्नो भागइसँग जोडेर आफ्नो भाग्य आँफै जोड्नु पर्छ भन्दछन् र पुन्टे पनि आफ्नो भाग्य आाफै लेख्ने परिकल्पनामा निमग्न हुन्छ । पुन्टेको मनोविज्ञानमा आधारित रही घटनाहरुको वर्णन गरिएकाले यो बालमनोवैज्ञानिक कथा हो ।

मानिसले भाग्यमाथि भरोसा नराखिकन निरन्तर मेहनत र परिश्रम र लगानका साथ काम गर्नुपर्दछ । मानिसले एउटै लक्ष्य लिएर अघि बड्नुपर्दछ । आफ्नो भाग्य आफै लेख्नुपर्छ । निरन्तर प्रयास गरियो भने एक दिन सफलता अवश्य प्राप्त गर्न सकिन्छ भन्ने सन्देश यो कथाले दिन खोजेको छ ।

ख) मित्रता कथा

भारद्वज ऋषिका छोरा द्रोण र पाञ्चाल नरेश पृषत्का छोरा यज्ञसेन एउटै गुरुकूलमा पढ्ने गरेका थिए । यी दुईका बिचमा प्रगाढ मित्रता रहेको र द्रुपदले आफू पाञ्चाल देशको राजा भएपछि सिंहासनको सुखभोग तिमीसँग पनि बाँड्छु , आधा राजइ म तिमीसँग बाँड्छु भनेर प्रतिज्ञा गर्दछ । तर पछि आफु राजा भएपछि उसमा घमण्ड बढ्छ र आफ्नो साथी द्रोणको अपमान गर्दछ । हस्तिनापुरमा द्रोणले राजकुमारहरुलाई डण्डिबियो खेलिरहेको अवस्था देख्छन् । डण्डिबियो इनारमा पसेपछि राजकुमारहरुले द्रोणलाई डण्डिबियो झिकिदिन आग्रह गर्दछन् र द्रोणले आफ्नो शास्त्रास्त्र प्रयोग गरेर इनारबाट डण्डिवियो र औठी निकालिदिन्छन् । त्यो कुरा राजकुमारहरुले आफ्ना पितामह भीष्मलाइ बताउछन् । भीष्मले ससम्मान द्रोणलाई दरबारमा ल्याएर भोजन गराई दरबारमै बसेर राजकुमारहरुलाई शास्त्रास्त्र विद्या सिकाउनका लागि दरबारमै बस्न प्रस्ताव गर्दछन् । उनले त्यो प्रस्ताव सहर्ष स्वीकार गरेर अश्वत्थामालाई पनि सँगै राखे । दरवारमा नै बस्न थाल्दछन् । राजकुमारहरुलाई धनुविद्यामा

पारङ्गत गराइसकेपछि उनले गुरुदक्षिणाका रुपमा द्रुपदलाई नै ल्याउन भन्दछन् । कौरव र पाण्डवहरुका बिचमा घमासान युद्ध भएपछि राजकुमारहरुले द्रुपदलाई ल्याउछन् अनि द्रोणले द्रुपदलाई सत्ता पाएपछि आफ्नो प्रतीज्ञा विर्सिएको सम्झाउछन् । आफूले कहिल्यै पनि पद र ऐश्वर्यको भरमा साथीहरु बिच विभेद नगर्ने कुरा गर्दछन् । आफूसँग भएको आधा राज्य भित्र द्रुपदलाई फिर्ता दिन्छन् र कुनै प्रतिशोध नलिकन सम्मान पूर्वक द्रुपदलाई विदा गरी आफूलाई असल व्यक्तिको रुपमा द्रोणले आफ्नो असल परिचय दिन्छन् । महाभारतको कथालाई र्णन गरेको हुनाले यो पौराणिक कथा पर्दछ ।

राजा द्रुपद र द्रोणको मित्रताको बारेमा चर्चा गर्दै आफ्नो वचनमा सधै अडिग रहनुपर्छ, कहिल्यै घमण्ड गर्नु हुँदैन भन्ने शिक्षा यस कथाबाट प्राप्त गर्न सकिन्छ ।

ग) एउटा घटना कथा

एउटा घटना कथामा सुरेशको मनोविज्ञानको चर्चा गरिएको छ । सानैदेखि उसको रुचि खेलमा नै भए हुन्छ । दिनहु एउटै समयतालिका अनुसार विषयहरु रहिरहनु पर्नेभएकाले उसलाईपढाइप्रति रुचि उत्पन्न हुदैन । उ खेलको बारमा कुरा गरेर कहिल्यै थाक्दैन । खेलमा आफ्नो सीप र क्षमता प्रर्दशन गर्दा खोज्दा उसबाट गल्ती हुन्छ र त्यसलाई सहज रुपमा स्वीकार्दछ । विद्यार्थीहरुको  वैयक्तिक भिन्नता अनुसार उसको रुचि, स्तर, तह, क्षमता, आवश्यकता र पृष्ठभूमि फरकफरक हुनाले उसको सोचाइमा पनि फरकपना आउने हुन्छ । ठूलाले सानालाई हेप्ने , कुनै काममा साथीलाई उकास्ने, आफ्नो गल्तीलाई ढाकछोप गर्न खोज्ने भए तापनि आफ्नो गल्तीलाई महशुस गरी सुधार्ने प्रयत्न गर्ने प्रतिष्पर्धात्मक भावना लिएर अगि बड्ने जस्ता घटनाको चर्चा गरिएकाले यो मनोवैज्ञानिक कथा हो ।

हामीले आफूभित्र भएको प्रतिभा क्षमता र सीपलाई प्रदर्शन गर्दा अथवा जुनसुकै कार्य गर्दा अरुलाई असर पार्ने खालको व्यवहार गर्नु हुँदैन । आफुले नजानीकन कुनै गल्ती गरिएको छ भने त्यसलाई सहर्ष स्वीकार गर्नुपर्दछ भन्ने शिक्षा यस कथाले दिन खोजिएको छ ।

घ) ठग समातियो कथा

यस कथामा विराज र उसको परिवारको बारेमा चर्चा गरिएको छ । विराज सानै देखि पढ्नमा तेज विद्यार्थी थियो । एकदिन स्कुलबाट केहि समय ढिला भयो । त्यतिबेला उसको

साथी बनेर एकजना ठग त्यहाँ आउछ र विराजलाई मोटरले हानेको छ उपचार गर्नका लागि केही रकम चाहिएको र छिटो दिए आफू गइहाल्ने कुरा बताउछ । उसकी आमा आत्तिएर पैसा दिइहाल्ने कुरा गर्दछन । तर विराजको भाइ विक्रमले त्यस व्यक्तिलाई नियालेर हेरिरहेको थियो । विराजका धेरै साथीहरुलाई विक्रमेल चिन्दथ्यो । तर त्यो केटो हड्वडाएको देखेपछि विक्रमलाई शंका लाग्यो । त्यसपछि उसले विराजले भरे ढिला हुन्छ भनेको सम्झिएर विराजको साथी रमेशलाई फोन गऱ्यो र विराज त्यही भएको खबर थाहा पायो । त्यसपछि त्यो खबर सवैलाई पुऱ्याएर त्यस ठगलाई पक्रिइ सजाय दिइएको घटना । यस कथामा उल्लेख गरिएको छ समाजमा घट्ने घटनाको चित्रण गरेकाले यो कथा सामाजिक कथा हो ।

हाम्रो समाजमा हिजो आज चोर फटाहा , बद्मास ठग तथा अपराधीहरुको संख्यामा वृद्धि भइराखेको छ । त्यसैले नौला अपरिचित तथा जोकोहीको कुरामा विश्वास गर्नु हुँदैन । अरुले भनेको कुरामा तुरुन्त विश्वास नगरी सत्यतथ्य पहिन्याएर मात्र विश्वास गर्नुपर्दछ । जुनसुकै ठाउँमा पनि नराम्रो मनोवृत्ति भएका मानिसले आफूलाई फसाउन सक्छन् । यस्ता गतिविधिहरुलाई फस्टाउन नदिन हरेक व्यक्ति सचेत हुनुपर्दछ भन्ने शिक्षा यस कथाले दिन खोजेको छ ।

ङ) सिंह र स्यालको कथा

यस कथामा एउटा जङ्गलमा भाले र पोथी सिंह बस्दथे तिनीहरुले दुईवटा बच्चा जन्माएका थिए । र भाले सिंह सधैं भरी सिकार खेल्न जान्थ्यौ । एकदिन भाले सिंहले सिकार खेल्न जाँदा स्यालको बच्चोलाई लिएर आँउछ र सिकार खेल्न जाँदा त्यो सानो स्यालको बच्चा भाग्नुको सट्टा उल्टै सिंहको शरणमा आउँछ । शास्त्रमा पनि विद्वान, विदुषी ब्रहमचारी र बालकलाई मार्न हुँदैन भनिएको छ भनेर उनले पोथी सिंहलाई म आफू स्यालको भोजन नगर्ने तिमीहरु यसलाई भोजन गर भनेर भन्दछ । तर पोथी सिंहले तपाईले त आफ्नो बच्चा ठानेर मार्नुभएन म पनि यसलाई आफ्नो तेस्रो बच्चा ठानेर पालनपोषण गर्दछु भन्छे । पोथी सिंहले सानो स्यालको बच्चालाई आफ्नै बच्चासरह ठानी आफ्ना दुध रुवाउदै हुर्काउछ । तिनवटै वच्चाहरु खुव रमाइलोकासाथ हुर्किदै जान्छन् । एकदिन तिनवटै जनवारहरु जङ्गलमा घुम्दैजाँदा हात्ती आउछ र हात्तीलाई देखेपछि स्याल डराएर भाग्न थाल्छ यो कुरा सिंहका बच्चाहरुले आफ्नी आमालाई सुनाउँछिन र पोथी सिंहले सबै सत्य कुरा तिनीहरुलाई

बताउँछिन र सत्यतथ्य कुरा थाहा नपाउँदा घमण्ड गर्ने स्याल सत्य थाहा पाएपछि र झगडाको कारणले परिस्थिति बदलिएपछि आफ्नैवथानखोजेर बस्न खोजको कुरा यस कथामा व्याख्या गरिएकोछ र शरणमा आएका लाई संरक्षण गर्नुपर्छ , आपसमा कहिल्यै घमण्ड गर्न हुँदैन उचित समयमा सबैको भलो गर्नुपर्छ नैतिक उपदेश प्रस्तुत सिंह र स्यालको कथाले दिएको छ ।

चं) स्वाभिमान कथा

सानो राज्य नेपाललाई आफ्नो पकडमा बनाउनका लागि जस्तोसुकै कार्य गर्न, नेपाल जस्तो सानो राज्यलाई औलामा नचाउन र हरियो वन नेपालको धनका रुपमा रहेको नेपालको जङ्गलका काठहरु ल्याएर त्यसमा रेलगुडाउन कुरा गर्दछन् । र पैसाको लालच देखाएर नेपालका गोप्य सुचनाहरु आफूले खोज्ने र जसरी पनि आफ्नो साम्राज्यको विस्तारगर्ने कुरा गर्दछन् । स्वाभिमानी नेपालीहरुलाई युद्धबाहेक अन्य कुराहरुमा आफूले जित्न नसक्ने कुरा गर्दै । भित्र भित्र कुटनीति रच्न थाल्दछन् । वीर योद्धा भिमसेन थापा अङ्ग्रेज विरोधी भएका र उनीहरुले जसरी भएपनि अङ्ग्रेजहरुको छाँया नेपालमा पर्न दिदैनथे । यहि कुरा थाहा पाएपछि अङ्ग्रेजहरुले पनि युद्धको तयारी गर्न थाले र पत्र पठाएर नेपालका विभिन्न भुभाग खाली गर्न लगाए । र नेपालसँग राष्ट्रवादीहरु मर्न तयार हुन्छन् तर अर्काको अपमान सहेर शिर झुकाइ राष्ट्रघाती कामगर्दैनन् भनेर भन्ने थाले र विभिन्न व्यक्तिहरुको बिचमा मतभेद खडा भयो कसैले बितसले मागेको भूभाग फिर्ता दिनुपर्छभने त कसैले युद्ध लड्नुपर्छ भने तर यो कुरा सुनिरहेका भीमसेन थापाले पराइले माग्यो भन्दैमा जे पनि सुम्पने आज कुनै भुभाग माग्ने मान्छेले भोलि राष्ट्रनै माग्यो भने सुम्पने आफ्नो प्राण भन्दा प्यारो राष्ट्रको एक टुक्रा पनि गौराङ्गलाई सुम्पनुभन्दा बरु युद्ध गरौं बरु सबैजना मर्न तयार हुनुहोस भनेर निर्देशन दिन्छन् र अङ्ग्रेजहरु समक्ष नेपालले स्वाभिमानका लागि युद्ध स्वीकारेको विषयवस्तु रहेको हुनाले प्रस्तुत कथा ऐतिहासिक कथा हो ।

४.४.१.२ शब्द भण्डार

छनोटका आधारले कक्षा ८ को कथा विधामा समाबेश गरिएका शब्द भण्डारको विश्लेषण निम्नानुसार गरिएको छ ।

कं भाग्य कथा

छनोटका रुपमा भाग्य कथामा धेरै जसो शब्दहरु तल्ला कक्षामा सिकिसकेका देखिन्छन् तर पनि मझेरी, जस्केलो, जुठेल्ना, छैटी, लोसे, वेचैन, असन्तुष्टि, खिसिक्क जस्ता शब्दहरु भने नयाँ देखा परेका छन् । दैनिक जीवनसँग सम्बन्धीत हुने किसिमका शब्दहरु प्रयोग भएका कारण कथाको शब्द भण्डार राम्रो देखिन्छ ।

ख) मित्रता कथा

यस कथामा प्रयुक्त शब्द भण्डार कक्षा ८ का विद्यार्थीहरुका लागि त्यति उपयुक्त छैनन् । कतिपय शब्दहरुको अर्थ पनि दिइएको छैन । अर्थ दिइए पनि कठिन किसिमकोछ । जस्तै शास्त्रास्त्र विद्या, रन्थनिदै, युद्धकौशल , ऐश्वर्य, वचनवद्धता आदि जस्ता शब्दहरु प्रयोग भएकाले शब्द भण्डारगत दृष्टिकोणले हेर्दा यस कथाका शब्दहरुलाई कठिन रुपमा लिन सकिन्छ । यस पाठमा प्रयोग भएका शब्दहरु कक्षा ८ का विद्यार्थीका लागि त्यति उपयोगी भने देखिदैन ।

ग) एउटा घटना कथा

यस कथामा प्रयुक्त शब्द कक्षा ८ का विद्यार्थीका लागि स्तर अनुरुप नै देखिन्छन् । यस कथामा तरिफ, रुचि, उराठ लाग्दो, तन, गर्भ, दाउ, भावुक, वग्रेठ, अलप, अदप, गम्भिर, दामासाही, कृतज्ञता जस्ता शब्दहरुको प्रयोग भएको छ । विभिन्न तत्सम, तद्भव तथा आगन्तुक शब्दहरुको प्रयोग भएको प्रस्तुत कथाको शब्द भण्डार उपयुक्त किसिमको नै देखिन्छ ।

घ) ठग समातियो कथा

यस कथामा तत्सम, तद्भवसबै खाले शब्दहरुको प्रयोग भएको छ । यस पाठमा स्वर, चिन्तित्, उज्यालो, अवस्था, ठग, हुलिया, हड्बडाएको, अंगालो, जस्ता शब्दको प्रयोग भएको छ जुन यस तहका विद्यार्थीहरुका लागि शब्दभण्डारगत दृष्टिले अनुकूल रहेको पाइन्छ ।

ङ) सिंह र स्यालको कथा

यस कथामा प्रयुक्त शब्द कक्षा ८ का विद्यार्थीहरुका लागि स्तर अनुरुप नै देखिन्छन् । यस कथामा शरणको मरण, कुलेलम ठोक्नु, टाप कस्नु जस्ता उखान पनि प्रयोग भएको छ र सनातन, जन्मजात, सौर्य, आक्रोश, ब्रह्मचारी, छितिज, बिहार जस्ता तत्सम तथा तद्भव

शब्दहरुको प्रयोग भएकाले यस कथाको शब्द भण्डार विद्यार्थीहरुका लागि उपयुक्त रहेको पाइन्छ ।

च) स्वाभिमान कथा

स्वाभिमान कथामा प्रयुक्त शब्दहरुलाई केलाउदा यहाँ तत्सम, तद्भव शब्दहरुका साथै अधिकांश रुपमा आगन्तुक शब्दहरुको प्रयोग भएको छ । जसका कारणले यसको शब्द भण्डार केही जटिल प्रकृतिको देखिन्छ । कथामा सकेसम्म कठिन शब्दहरुको अर्थ दिने प्रयास गरिएको छ । यस कथामा साम्राज्य, जनरल होस्टिङ, इष्ट इन्डिया कम्पनी, महत्वकांक्षा, मराठा, शिख, वंगला, दाम, किनलक, नेपोलियन, रजौटा, एकिकरण, आत्मबल, सनसनी, राष्ट्रवादी, राष्ट्रघाती, गौराङ्ग, सन्नाटा जस्ता शब्दहरु प्रयोग गरिएको छ ।

समग्रमा भन्दा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा विद्यार्थीको स्तर अनुसारकै शब्द भण्डार छनोट गर्ने प्रयास गरिएको पाइन्छ ।

## ४.५ कमीकमजोरी हटाउने उपायहरु

आधारभूत तह कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०७२ मा जस्मा ६ वटा कथाहरु समावेश गरिएका छन् । जसमा विभिन्न कथाका पाठ्हरु विद्यार्थीका रुचि, स्तर तह, क्षमता आवश्यकता अनूकलका रहेका पाइन्छन् । कथाका पाठहरुका माध्यमबाट भाषिक सीप विकास गराउने लक्ष्य राखिएको पाइन्छ । धेरै सबल पक्ष हुँदाहुँदै पनि यस पुस्तकमा समोश गरिउका कथाहरुमा केही कमीकमजोरी हरु रहेका छन् जसलाई हटाउनका लागि निम्नानुसार उपायहरु सुझाइएको छ :

१. पाठ्यक्रमले तोकेको क्षेत्रहरुका आधारमा कथाहरु नरहेकाले पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा कथाहरु राखिनु पर्ने,

२. सिकाइको मनोवैज्ञानिक क्रमअनुसार सरलदेखि जटिलको क्रममा पाठहरु प्रस्तुत गरिनुपर्दछ ।

३. विद्यार्थीको रुचि स्तर, तह, क्षमता आवश्यकता र पृष्ठभूमिलाई ख्याल गरेर विषयवस्तु तथा शब्दभण्डार छनौट गर्नुपर्दछ ।

# परिच्छेद पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१ निष्कर्ष

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित पाठ्यक्रम अनुरुप कक्षा ८ को नेपाली पाठ्यपुस्तक (२०७२) मा समावेश गरिएका कथाहरुको अध्ययन विश्लेषणबाट देहायबमोजिमका निष्कर्षहरु निकालिएको छ ।

१) कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरुलाई हेर्दा यसमा ६ वटा कथाहरु समावेश गरिएको छ ।

२. पाठ्यक्रममा अङ्कभार स्पष्टरुपले छुट्याइएको छैन ।

३. पाठ्यक्रममा शिक्षगर्ने विधागत रुपमा समय र अङ्क विभाजन गरिएको छैन ।

४. पाठ्यक्रमको उद्देश्य प्रतिबिम्वित हुनेगरी पाठ्यपुस्तकमा विधा र पाठहरु चयन गरिन्छन् । तर कक्षा ८ को नेपाली किताबमा राखिएका कथाहरु पाठ्यक्रम अनुरुप पूर्णरुपमा चयन गरिउका छैनन् । कक्षा ८ का पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेका नीतिकथा पौराणिक कथा ऐतिहासिक कथा र सामाजिक कथा समावेश गरिएका छन् भने लोकथा समावेश गरिएको छैन । र पाठ्कक्रमले निर्दिष्ट नगरेको आधुनिक कथा समावेशित छ र त्यसभित्र सामाजिक तथा मनोबैज्ञानिक कथा चयन भएको छ ।

५. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा शिक्षणको औचित्य भाषिक सीप विकास गर्नु हो । भाषाका सीपहरु सुबोपले विकवासका दृष्टिले हेर्दा सुनाइ सिप विकासमा नै पाठमा प्रयुक्त विधाहरु बढि सक्षम देखिन्छ । सुनाइ सीपका तुलनामा अन्य सीप विकासमा त्यति धेरै ख्याल नगरिएको पाइन्छ ।

६. सुनाइ सीपको विकास गर्ने कथाको संख्यालाई हेर्दा आधुनिक कथाले सुनाई सीप विकास गर्न महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

७. भाषाका चार सीपलाई विकास गराउनु पर्ने कुरा उठाएको पाइन्छ ।

८. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथामध्ये सामाजिक कथाको संख्या बढि रहेको पाइन्छ ।

९. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश सबै कथाबाट पढाइ सीप विकासगर्न सकिन्छ तर साना कक्षाका निम्ति उपयुक्त मानिने सस्वर पठनलाई अपेक्षाकृत रुपमा कम प्रश्रय दिएको पाइन्छ ।

१०. कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट स्वाभिमान मित्रता शीर्षक कथाबाट पढाइ सीप र एउटा घटना ठग समातियो जस्ता कथाहरुबाट बोलाइ सीप विकास गर्न खोजिएको पाइन्छ ।

११. आकारगत दृष्टिले हेर्दा सुरुमा लामा र पछाडि केही छोटा कथाहरु समावेश गरिएको छ ।

१२. क्षेत्र निर्धारणका आधारमा पाठ्यक्रम अनुरुपताका आधारमा सबै कथाहरु पाठ्यक्रम अनुरुप छैनन् ।

१३. क्रम निर्धारणका हिसावले सिंह र स्यालको कथा, मित्रता, स्वाभिमान भाग्य एउटा घटना र ठग समातियो कथाहरु प्रस्तुत गर्नु पर्ने देखिन्छ ।

१४. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समावेश सबै कथाहरु विद्यार्थीको क्षमता र स्तर अनुरुप नै रहेका छन् । तापनि शब्दभण्डारको हिसाबले अन्य कथा प्रभावकारी नै भएको देखिएपनि मित्रता भाग्य शीर्षक कथाहरुमा प्रयुक्त शब्दभण्डार केही जटिल तथा क्लिष्ट रहेको पाइन्छ ।

१५. कक्षा ८ को नेपाली किताबमा समाविष्ट कथाहरु मौनपठन र सस्वरपठनका लागि अति प्रभावकारी देखिन्छ ।

## ५.२ सुझावहरु

यस शोधकार्य गर्ने क्रममा कथा विधा सम्बन्धी विभिन्न पुस्तकहरु आधारभूत तह कक्षा ८ को पाठ्यक्रम तथा पाठ्यपुस्तकमा दिइएका कथाहरुको प्रत्यक्ष तुलनात्मक रुपमा

अध्ययन विश्लेषण गरी अनुसन्धान कार्यलाई निश्कर्षमा पुऱ्याइएको छ । यहाँ कथा विधालाई पाठ्यक्रम अनुरुप र प्रभावकारी बनाउनका लागि निम्न लिखित सुझावहरु प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तहका लागि सुझाव

जुनसुकै शोधकार्यले पनि त्यस शोधशीर्षक सम्बन्धी कार्य गर्ने नीति निर्माताका लागि सहयोग पुऱ्याउने किसिमको हुनु पर्दछ । यस पाठ्यक्रम अनुरुपताका दृष्टिले कक्षा आठको नेपाली पाठ्यपुस्तक (२०७२) मा प्रयुक्त कथा विधाको अध्ययन शीर्षक शोधकार्यले नीति निर्माताका लागि विभिन्न क्षेत्रमा सहयोग पुऱ्याएको देखिन्छ । यस शोधकार्यले नीति निर्माताका लागि निम्न कुराहरुमा सहयोग पुऱ्याएको छ :

१. कक्षा ८ का नेपाली पाठ्यपुस्तकलाई समयासापेक्ष परिमार्जन गर्न,

२. पाठ्यपुस्तकमा समावेश गरिने कथाहरुलाई पाठ्यक्रम अनुरुप समावेश गर्न,

३. समयसापेक्ष रुपमा पाठ्यक्रमको परिमार्जन गर्न,

४. पाठ्यक्रमले निर्देश गरे अनुरुप छनोट र स्तरणका आधारमा कक्षा ८ को पाठ्यपुस्तकमा कथाहरु समावेश गर्ने,

५. विद्यार्थीको क्षमता र मनोविज्ञानको अध्ययनगरी कथाहरुको चयन गर्न ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

अभ्यास तहका लागि निम्न अनुसार सुझावहरु प्रस्तुत गरिएको छ :

१. पाठ्यक्रमअनुरुपका कथाहरु पाठ्यपुस्तकमा समावेश गर्दा उपयुक्त हुने देखिन्छ ।

२. विद्यार्थीको रुचि स्तर तह र आवश्यकताअनुसारका कथाहरु समावेश गरिनुपर्दछ ।

३. विद्यार्थी सक्रियातालाई मूख्यरुपमा ख्याल गर्नुपर्दछ ।

४. कथा विधाका माध्यमबाट भाषिक सीप विकास गराउनुपर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

यस शोधकार्यले आगामि दिनहरुमा अनुसन्धानकर्तालाई समेत शोधकार्यमा सहयोग गर्ने गर्दछ । यस शोधकार्यले कक्षा ८ को कथा विधा पाठ्यक्रम अनुरुप छन् छैनन् भन्ने अध्ययन गर्न विभिन्न शोधहरु गर्न सहयोग गर्ने गर्दछ । आधारभूत तह कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधा सम्बन्धी भावी अध्ययनका लागि शोधशीर्षकहरु निम्नानुसार रहेका छन् :

१. शीक्षणीय प्रयोजनका दृष्टिले कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाका पाठहरुको विश्लेषणात्मक अध्ययन

२. कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा कथा विधाको अध्ययन

३. भाषाशैलीको आधारमा कक्षा ८ को पाठ्यपुस्तकमा समाविष्ट कक्षाहरुको अध्ययन

# सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०६९), *निम्न माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि ।

अर्याल, बेदप्रसाद (२०५५), *कक्षा ५ को किताबमा प्रयुक्त कथाको विश्लेषणात्मक अध्ययन,* कीर्तिपुर : अप्रकाशित शोधपत्र, त्रि.वि.वि.।

आचार्य, देवीप्रसाद (२०६३), *कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको पाठ्यक्रम अनुरूपताको अध्ययन,*मोरङ : अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस,।

खत्री, आनन्द (२०६२), *कक्षा ८को कथाको विश्लेषण,*कीर्तिपुर : अप्रकाशित शोधपत्र, त्रि.वि.वि.,।

खत्री, लक्ष्मी (२०६३), *कक्षा ७ को पुरानो (२०३८) र नयाँ (२०५०), पाठ्यक्रम अनुसार नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन,*कीर्तिपुरः अप्रकाशित शोधपत्र, त्रि.वि.वि.,।

निरौला, कमला (२०६८), *कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको अध्ययन,*मोरङ : अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस,।

पोखरेल, केशवराज (२०७३), *नेपाली भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति,* काठमाडौं : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि ।

ढकाल, शान्तिप्रसाद (२०७३), *नेपाली भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौंः पिनाकल पब्लिकेसन प्रा.लि ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : शुभकामना प्रकाशन ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (२०६९),*आधारभूत शिक्षा पाठ्यक्रम,* काठमाडौं : लेखक

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।